# मुद्दा सुनुवाई सम्बन्धी

## <u>जानकारी पुस्तिका</u>

सर्वोच्च अदालत

काठमाडौं

<u>विषय सूची</u>


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | प्रतिउत्तर र प्रतिदावी | १ |
| २ | रिट प्रकृतिका निवेदन | ५ |
| ३ | तारिख र म्यादसम्बन्धी ब्यबस्था | १२ |
| ४ | म्याद तथा तारिख थमाउने  ब्यबस्था | १६ |
| ५ | वारिससम्बन्धी ब्यबस्था | १८ |
| ६ | प्रमाणको परीक्षण | २२ |
| ६.१ | लिखत प्रमाण परिक्षण | २३ |
| ६.२ | साक्षी परिक्षण | २९ |
| ७ | मुद्दाको सुनुवाई र फैसला | ३४ |
| ७.१ | प्रारम्भिक सुनुवाई | ३५ |
| ७.२ | अन्तर्कालिन आदेश | ३६ |
| ७.३ | पूर्व सुनुवाई छलफल | ३८ |
| ७.४ | अन्तिम सुनुवाई र फैसला | ३९ |
| ८ | मुलतवी र स्थानान्तरण | ४६ |

| | | |
|---|---|---|
| ९ | सरकारवादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी ब्यवस्था | ५० |
| १० | पुनरावेदन | ५४ |
| ११ | मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्वन्धी ब्यबस्था | ५८ |
| १२ | अंश मुद्दामा फाँटवारी पेश गर्ने कार्यविधि | ६३ |
| १३ | विविध ब्यबस्थाहरु | ६६ |
| | अनुसूची-१ तपसील खण्ड लेखन सम्वन्धी जानकारी | ७० |
| | अनुसूची-२ हालको र साविकको कानूनी ब्यबस्थाको तालिका | ७५ |

## १. प्रतिउत्तर तथा प्रतिदावी

फिरादपत्रमा प्रतिबादी बनाईएका ब्यक्तिले फिराद दाबी स्वीकार वा ईन्कार गरी पेश गरेको लिखित जवाफलाई प्रतिउत्तरपत्र भनिन्छ। फिरादपत्रमा प्रतिबादी बनाईएका बाहेक मुद्दाको कारवाहीको रोहमा कसैको हक, हित वा सरोकार निहीत रहेको देखिएमा त्यस्तो ब्यक्ति समेत अदालतको आदेशले प्रतिबादी कायम हुन सक्छ। त्यसैगरी दुई पक्षकाबीच चलेको मुद्दामा आफ्नो समेत प्रत्यक्ष सरोकार रहेकोले पक्ष कायम गरि पाऊ भनी तेस्रो पक्षले निवेदन दिएमा ब्यहोरा मनासिव देखिए अदालतले प्रतिबादी कायम गर्ने गरी आदेश दिन सक्छ। त्यस्ता ब्यक्तिहरूको लिखित ब्यहोरा वा बयानलाई समेत प्रतिउत्तरपत्र सरह मानिन्छ।

देवानी कार्यविधि संहिताले प्रतिवादीले वादी दाबीलाई स्वीकार वा खण्डन गर्नुका अतिरिक्त प्रतिउत्तरपत्रमा बादीउपर नैं सोही विषयमा भिन्न प्रकृतिको दाबी लिन सक्ने नयाँ ब्यबस्था गरेको छ। प्रतिबादीले बादी उपर लिएको त्यस्तो दाबीलाई "प्रतिदाबी" भनिन्छ। प्रतिबादीले लिएको त्यस्तो प्रतिदाबी फिरदपत्र सरह हुन्छ र प्रतिदाबीका सम्वन्धमा वादीले स्वीकार वा ईन्कार गरी पेश गरेको लिखित प्रतिवादलाई समेत प्रतिउत्तर पत्र सरह मानिन्छ।देवानी कार्यविधि संहिता तथा नियमावलीमा प्रतिउत्तर र प्रतिदाबीका सम्वन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

| **विषय** | विवरण | कानून[1] |
|---|---|---|
| **प्रतिउत्तरपत्र पेश गर्ने** | • प्रतिवादीले म्याद तामेल भएको मितिले वाटाको म्याद वाहेक २१ दिनभित्र प्रतिउत्तरपत्र पेश गर्नु पर्छ,<br>• प्रतिउत्तर पेश गर्दा देवानी कार्यविधि संहिताको अनुसूची ९ को ढाँचामा पेश गर्नु पर्छ।<br>• काबु बाहिरको परिस्थिति परी तोकिएको म्याद गुज्रेको भन्ने निवेदनसाथ प्रतिउत्तर पत्र पेश गर्न ल्याएमा ब्यहोरा मनासिव भए १५ दिनसम्मको म्याद थामी प्रतिउत्तर पत्र दर्ता गरि दिनु पर्छ,<br>• सो अवधी नघाई पेश गर्न ल्याएको प्रतिउत्तरपत्र दर्ता गर्न हुँदैन। | दफा ११९, १२०, १२२, २२३<br>देकानि नियम १९ |

[1] मुलुकी देवानी संहिता २०७४लाई-देसं, मुलुकी देवानी कार्यविधि संहिता २०७४ लाई-देकासं, मुलुकी देवानी कार्यविधि नियमावली २०७५ लाई- देकानि र जिल्ला अदालत नियमावली २०७५ लाई -जिअनि भनी संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

| | | |
|---|---|---|
| | • म्याद नाघेको प्रतिउत्तर दर्ता भएको रहेछ भने पनि अदालतले स्वीकार गर्नु हुँदैन,<br>• प्रतिउत्तरपत्र जाँच गर्दा म्याद नाघी ल्याएको वा रीत नपुगेको देखिएमा प्रतिउत्तरमा नै कारण खुलाई दरपीठ गरिदिनु पर्छ। | |
| | • प्रतिउत्तरपत्र दर्ता गर्दा रु २००। दस्तुर लिनु पर्छ। | दफा १२५ |
| | • दर्ता गर्न ल्याएको प्रतिउत्तरपत्र रीतपूर्वक भए दर्ता गरी देवानी कार्यविधि संहिताको अनुसुची ३ को ढाँचामा भरपाई दिनुपर्छ। | दफा १२२ |
| **अदालतले प्रतिबादी कायम गर्ने** | ➢अदालतले निम्न अवस्थामा कारण खुलाई कुनै व्यक्तिलाई बुझ्न र प्रतिबादी कायम गर्न सक्छः<br>○ मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्दा कुनै व्यक्तिको हक, हित, दाबी वा सरोकार प्रभावित हुने देखिएमा,<br>○ फिरादपत्र वा प्रतिउत्तरको लेखाईबाट अन्य व्यक्तिको समेत संलग्नता रहेको देखिन आएमा,<br>• त्यसरी बुझ्नु पर्ने व्यक्तिलाई बाटोको म्याद बाहेक ७ दिनको म्याद दिनुपर्छ।<br>• बुझिएको व्यक्ति म्यादभित्र उपस्थित भएमा प्रमाण समेत खुलाउन लगाई बयान गराउनु परछ।<br>• निजले लिखित रूपमा जवाफ पेश गर्न चाहेमा ७ दिनमा नबढाई मनासिब समय दिई लिखित जवाफ पेश गर्न लगाउनु पर्छ।<br>• निजको सरोकार वा संलग्नता रहेको देखिएमा वा फैसला गर्दा निजको हक, हित, दाबी वा सरोकार समेत प्रभावित हुने देखिएमा निजलाई प्रतिबादी सरह तारिखमा राख्नुपर्छ।<br>• त्यस्तो व्यक्ति प्रमाण सरह मात्र देखिन आएमा निजलाई तारिखमा राख्नु पर्दैन। | दफा १२३ |
| **प्रतिबादी कायम हुन निवेदन दिन** | • प्रतिबादी नबनाईएको व्यक्तिले त्यस्तो मुद्दा फैसला हुँदा आफ्नो हक, हित, दाबी वा सरोकार समेत प्रभावित हुने आधार र कारण खुलाई | दफा १२४ |

| | | |
|---|---|---|
| **सक्ने** | आफूलाई समेत प्रतिबादी कायम गरिपाउँ भनी फैसला हुनु अगावै निवेदन दिन सक्दछ।<br>• उक्त निवेदनको व्यहोरा मनासिब देखिएमा निजलाई समेत प्रतिबादी कायम गरी सो मुद्दाका बादी र अन्य प्रतिबादीलाई त्यसको जानकारी दिनु परछ।<br>• प्रतिबादी कायम गर्ने आदेश भएमा निजलाई तारेखमा राख्नु पर्छ।<br>• यसरी कायम भएको प्रतिबादीले बादी विरुद्ध छुट्टै प्रतिदाबी लिन पाउँदैन। | देकानि<br>नियम२२ |
| **प्रतिदाबी सम्वन्धमा** | **प्रतिदाबी लिएका मुद्दामा देहायका कुराहरू विचार पुऱ्याउनु पर्छः**<br>• प्रतिउत्तरपत्र पेश गर्दा प्रतिबादीले बादी उपर कुनै दाबी लिन सक्छ। त्यस्तो प्रतिदाबी फिराद दाबीको विषयमा मात्र सीमित छ, छैन हेर्नु पर्छ।<br>• प्रतिदावी लिनेले प्रतिदावीलिंदा देहायका कुरा समेत खुलाएको हुनुपर्छः<br>✓ प्रतिदाबी लिएको बिषय,<br>✓ प्रतिदाबी लिएको बिषयको बिगो खुल्ने भए सो कुरा,<br>✓ प्रतिदाबीसँग सम्बन्धित कानून,<br>✓ प्रतिदाबीलाई पुष्टी गर्ने प्रमाण ।<br>• यसरी प्रतिदाबी लिईएकोमा एक जनासम्म बादी भए २ प्रति र त्यसपछिका प्रत्येक बादीका लागि १ प्रतिका दरले प्रतिउत्तरपत्रको प्रतिलिपि पेश गर्न लगाउनु पर्छ।<br>• तर एकाघरका बादी जतिसुकै सङ्ख्यामा रहेको भएपनि त्यस्ता बादीको लागि १ प्रति मात्र प्रतिउत्तरपत्रको प्रतिलिपि दिए हुन्छ।<br>• उक्त प्रतिउत्तरपत्रको प्रतिलिपि मध्ये १ प्रति निर्धारित तारिखका दिन उपस्थित हुने बादी वा निजको वारिसलाई तारिख भर्पाईमा व्यहोरा जनाई सहिछाप गराई बुझाउनु परछ। | दफा १२१<br>देकानि<br>नियम २०,२१ |

| | | |
|---|---|---|
| | • निर्धारित तारिख बादीले गुजारी थाम्ने थमाउने अवधि व्यतित भई बादीलाई प्रतिदाबीको प्रतिलिपि बुझाउन नसकेको अवस्थामा लिखित प्रतिबादको लागि प्रतिउत्तरपत्रको प्रतिलिपि सहित बादीलाई पन्ध्र दिनको सूचना दिनु पर्नेछ।<br>• प्रतिबादीले प्रतिउत्तर सरहको बयानमा प्रतिदाबी लिएको भए त्यस्तो बयानको अभिलेखको १ प्रति बादीलाई तारिखका दिन उपलब्ध गराउनु परछ।<br>• त्यसरी वादीले प्रतिउत्तरपत्र बुझेको १५ दिनभित्र प्रतिदाबी स्वीकार वा ईन्कार गरेको लिखित प्रतिवाद अदालतमा पेश गर्न सक्छ।<br>• रित पुऱ्याइ नल्याएको प्रतिदावी कायम नरहने गरी प्रतिउत्तरमात्र दर्ता गर्नु पर्छ ।<br>• प्रतिदावी कायम हुने भएमा प्रतिवादीबाट ऐन बमोजिम लाग्ने अदालती शुल्क दाखिल गर्न लगाउनु पर्छ ।<br>• प्रतिवादीले प्रतिदावी दर्ता गरेकै दिन अदालती शुल्क दाखिल गर्न नसक्ने भनी समय माग गर्न सक्छ ।<br>• प्रतिदाबी लिने पक्षले समय माग गरेमा ७ दिनभित्र अदालती शुल्क दाखिला गर्न आदेश दिनुपर्छ र सो बमोजिमको अदालती शुल्क बुझाएपछि मात्र निजको प्रतिदाबी कायम हुन्छ।<br>• प्रतिदाबी लिएको मुद्दामा प्रतिबादी तारिखमा रहेको भए बादीले तारिख गुजारे पनि प्रतिदाबीको हकमा प्रमाण बुझी ठहरे बमोजिम फैसला गर्नु पर्नेछ। | |
| **देवानीबाट उठेको फौजदारी** | • देवानी मुद्दामा प्रतिउत्तरपत्र वा वयानबाट उठेको कानून बमोजिम फौजदारी कायम हुने मुद्दामा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही र सुनुवाई गर्नु परछ। | दफा १७५ |
| **प्रभावित तेस्रो पक्षलाई बुझ्नु पर्ने** | • मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक तेस्रो पक्षको हक प्रभावित हुने देखिएमा त्यस्तो पक्षलाई आफ्नो कुरा भन्ने मनासिब समय दिई प्रमाण बुझी निजलाई कारणी सरह तारिखमा राखी मुद्दाको | दफा १७६ |

| | | |
|---|---|---|
| | कारबाही गर्नु परछ। | |

## २. रिट प्रकृतिका निवेदन

संविधान र कानूनले नागरिकहरूका लागि विभिन्न हकअधिकारको ब्यबस्था गरेकोछ छ। त्यस्ता हकहरूको उल्लंघन भएमा वा हुने आशंका भएमा रिट निवेदनबाट उपचार प्रदान गर्ने ब्यबस्था गरेको पाईन्छ। सर्वोच्च अदालतलाई संविधानले प्रदान गरेका मौलिक हकको संरक्षणार्थ उत्प्रेषण, परमादेश, बन्दीप्रत्यक्षीकरण, अधिकारपृच्छा र प्रतिषेधको आदेश जारी गर्नसक्ने असाधारण अधिकारक्षेत्र रहेको पाईन्छ भने उच्च अदालतलाई कानूनी अधिकारको संरक्षणार्थ यी सवै आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरेको छ। जिल्ला अदालतलाई बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनमा आदेश जारी गर्न सक्नेगरी संविधान तथा कानूनले अधिकारक्षेत्र प्रदान गरेको छ। रिट निवेदनका हकमा अन्तिम आदेश जारी हुनु पूर्व कुनै काम कारवाही तत्काल रोक्न वा यथास्थितमा राख्नको लागि अन्तरिम आदेश जारी गर्न सकिन्छ। मुलुकी देवानी कार्यविधि संहिता र विभिन्न नियमावलीमा यस सम्वन्धमा देहायबमोजिम ब्यबस्था गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **२.१ बन्दीप्रत्यक्षीकरणको निवेदन** | | |
| **बन्दीप्रत्यक्षीकरणको निवेदन** | ✓ गैरकानूनी रुपमा गिरफ्तार भएको वा थुनिएको ब्यक्ति आफैले वा निजको तर्फबाट जो सुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको लागि तीनवटै तहको अदालतमा उजुरी दिन सक्छ।<br>✓ उजुरी जाँचबुझ गर्दा कानून विपरित गिरफ्तार गरिएको वा थुनिएको देखिएमा त्यस्तो ब्यक्तिलाई तुरुन्त छाड्न आदेश दिनुपर्छ। | देसं दफा२६ |
| **बन्दीप्रत्यक्षीकरणको निवेदनमा खुलाउनुपर्ने कुराहरू** | ✓ **बन्दीप्रत्यक्षीकरणको निवेदनमा देहायका कुराहरू खुलाउनुपर्छः**<br>○ बन्दीलाई कसले वा कहिलेदेखि र कुन परिबन्दबाट बन्दी बनाएको हो?<br>○ बन्दीलाई अन्नपानी बन्द गरिएको छ छैन? | जिअनि २४, ३३ |

| | | |
|---|---|---|
| | ○ बन्दी कुन स्थानमा थुनामा रहेको छ ?<br>○ थुनाको सम्बन्धमा पहिले वा अन्य कुनै अदालतमा निवेदन दिएको छ छैन ? भए त्यसको परिणाम के भएको छ ?<br>✓ निवेदनपत्रमा बन्दीको सही छाप परेको हुनुपर्नेछ। तर बन्दीले सहीछाप गर्न नसक्ने कारण भएमा अन्य कुनै व्यक्तिले निजको हकमा निवेदनपत्रदिनसक्नेछ। | |
| **प्रारम्भिक आदेश** | ✓ निवेदन पत्रबाट बन्दीलाई कानूनविपरीत थुनामा राखेको जस्तो देखिन आएमा सुनुवाई हुने मिति तोकी बन्दीलाई थुनाबाट किन छाड्न नपर्ने हो सो कुरा स्पष्ट गरी लिखित जवाफ र साथमा बन्दीलाई समेत लिई उपस्थित हुनु भनी अदालतले प्रत्यर्थीका नाममा आदेश दिन सक्छ ।<br>✓ देहायका अवस्थामा बन्दीलाई उपस्थित गराउने आदेश नदिन पनि सकिन्छः<br>○ बन्दी शारीरिक वा मानसिक रूपले अस्वस्थ्य देखिएमा,<br>○ बन्दी भौगोलिक दृष्टिले टाढा भएमा, वा<br>○ अन्य कुनै कारणबाट अदालतले बन्दीलाई उपस्थित गराउन आवश्यक वा उपयुक्त नसम्झेमा ।<br>✓ प्रत्यर्थी बनाइएका व्यक्ति वा कार्यालयको कुनै सम्बन्ध देखिन नआएमा निजहरूको हकमा कारण देखाउने आदेश जारी नगर्न पनि सक्छ।<br>✓ निवेदन वा लिखित जवाफको पेटबोलीबाट अन्य कुनै व्यक्ति वा कार्यालयलाई पनि प्रत्यर्थी बनाउनु पर्ने देखिएमा निजहरूलाई कारण देखाउने आदेश जारी गर्न सकिन्छ। | जिअनि२५ |
| **विशेष आदेश दिन सक्ने** | ✓ अवस्थानुसार अन्तिम आदेश गर्नु अघि देहायका विशेष आदेशहरू पनि गर्न सकिन्छः– | जिअनि २६ |

| | | |
|---|---|---|
| | ○ विपक्षी बनाएको व्यक्ति, निकाय वा अधिकारीलाई अदालतले तोकेको सर्तमा बन्दीलाई छाडी दिनुभन्ने,<br>○ विपक्षीको हिरासतबाट बन्दीलाई अदालतको हिरासतमा राख्नु भन्ने । | |
| **खानतलासीको पुर्जी** | ✓ देहायको अवस्थामा खानतलासीको पुर्जी (सर्च वारेण्ट) जारी गर्न सकिन्छः–<br>○ बन्दी अमानुषिक तवरबाट थुनिएको छ वा निजलाई शारीरिक यातना दिएको छ भन्ने कुरा विश्वास गर्नु पर्ने कुनै कारण भएमा,<br>○ अदालतको आदेशलाई छल्ने मनसायले बन्दीलाई अन्यत्र सार्ने सम्भावना भएकाले खानतलासी हुनु आवश्यक छ भनी निवेदकले मनासिब कारण देखाएमा, वा<br>○ यस्तै अन्य कुनै कारणबाट खानतलासीको आदेश जारी हुनु आवश्यक वा उपयुक्त छ भन्ने अदालतलाई लागेमा ।<br>✓ खानतलासी लिन सरकारी कर्मचारीको नाममा आदेश जारी गर्न सकिन्छ।<br>✓ त्यस्तो आदेश जारी गर्दा आवश्यकतानुसार त्यस्तो कर्मचारी वा निवेदकलाई प्रतिनिधित्व गर्ने व्यक्ति तथा स्थानीय निकायका पदाधिकारीसमेत रहेको खानतलासी टोली गठन गरी सो टोलीलाई खानतलासी गर्ने अधिकार दिन सकिन्छ ।<br>✓ यसरी आदेश प्राप्त गर्ने व्यक्ति वा टोलीले थुनामा रहेको व्यक्तिको खोजी गरी थुनिएको व्यक्ति फेला परे प्रतिवेदनसहित अदालतसमक्ष उपस्थित गराउनु पर्छ । | जिअनि २७ |
| **बन्दीलाई स्थानान्तर गर्न नहुने** | ✓ प्रत्यर्थीका नाउमा सूचना तामेल भएपछि बन्दीलाई अदालतको अनुमतिले बाहेक एक स्थानबाट अर्को स्थानमा स्थानान्तर गर्न हुँदैन । | जिअनि३० |

| | | |
|---|---|---|
| **बन्दीलाई छाड्ने** | ✓ देहायका अवस्थामा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सकिन्छः–<br>○ सूचनामा तोकिएको दिन वा पेसीको दिन प्रत्यर्थीले कुनै कारण नदेखाएमा,<br>○ कारण देखाए पनि सो कारण मनासिब नदेखिएमा वा<br>○ बद्नियतका साथ वा प्रवृत्त धारणा बनाई वा कानून विपरीत थुनामा राखेको देखिएमा । | जिअनि २९ |
| **२.२ निषेधाज्ञाको निवेदन** | | |
| **निषेधाज्ञाको निवेदन** | ✓ कसैले नागरिकका अधिकारलाई असर पर्नेगरी कुनै काम कारबाही गरेमा वा गर्न लागेको पर्याप्त आशङ्का भएमा त्यस्तो काम कारबाहीबाट मर्का पर्न जाने व्यक्तिले आफ्नो अधिकारको प्रचलनको लागि उच्च अदालत वा जिल्ला अदालतमा उजुर गर्न सक्छ । यस्तो उजुरीलाई निषेधाज्ञाको निवेदन भनिन्छ।<br>✓ निषेधाज्ञाको निवेदन जाँचबुझ गर्दा प्रत्यर्थीले निजको अधिकारमा क्षति पुऱ्याएको वा पुऱ्याउन लागेको देखिएमा प्रत्यर्थीको नाउमा निम्न आदेश दिन सकिन्छः<br>○ निवेदकको अधिकार उपर क्षति पुग्ने किसिमको काम नगर्न, नगराउन<br>○ केही काम गरिसकेको भए बाँकी काम नगर्न वा<br>○ कुनै काम गर्न लगाउन । | देसं<br>दफा २६ |
| **निवेदनपत्रमा खुलाउनु पर्ने कुरा** | ✓ निषेधाज्ञाका लागि निवेदन पत्र दिँदा देवानी कार्यविधिमा निवेदनमा खुलाउनुपर्ने भनी उल्लेख भएका विषयका अतिरिक्त देहायका कुराहरू समेत खुलाउनु पर्छः<br>○ अदालतको अधिकार क्षेत्र सम्बन्धी कुरा,<br>○ नागरिक अधिकारमा आघात हुने आशंका भएमा के कुन | जिअनि३१, ३३ |

| | | |
|---|---|---|
| | अधिकारमा कसरी आघात हुने सम्भावना छ सो कुरा,<br>○ निवेदकले मागेको उपचार<br>○ अन्य अदालतमा निवेदन दिएको भए सो ब्यहोरा र<br>○ सो उपचार पाउन सक्ने आधारहरू । | |
| **कारणदेखाउ आदेश** | ✓ निवेदन पत्रको व्यहोराबाट प्रत्यर्थीले प्रथम दृष्टि(प्राइमाफेसी) मै निवेदकले भने झैं गरे विराए जस्तो देखिन आएमा लिखित जवाफ लिई उपस्थित हुनु भनी प्रत्यर्थीको नाममा कारण देखाउ आदेश जारी गर्नुपर्छ।<br>✓ लिखित जवाफबाट अन्य कुनै व्यक्तिलाई बुझ्नु पर्ने देखिएमा त्यस्तो व्यक्तिलाई पनि बुझ्न सकिन्छ । | जिअनि३१ |
| **अन्तरिम आदेश जारी गर्ने सम्बन्धी व्यवस्था** | ✓ नागरिक अधिकार सम्बन्धमा परेको निवेदनमा अन्तरिम आदेश जारी गर्दा देहाय बमोजिम गर्नुपर्छः<br>✓ माग दाबीको कुनै विषय यथास्थितिमा नराखेमा माग दाबी निरर्थक हुने लागेमा सम्बन्धित निवेदकले त्यस्तो व्यहोरा खुलाई निवेदनको अन्तिम किनारा नभएसम्मका लागि अन्तरिम आदेश जारी गर्न माग गर्न सक्दछ।<br>✓ अदालतले उचित र आवश्यक देखेमा निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको अवधिको लागि देहाय बमोजिमको कुनै आदेश जारी गर्न सक्दछः<br>○ खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न,<br>○ त्यस्तो अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन,<br>○ आफ्नो पक्षमा अन्तरिम आदेश जारी भएका कारणले अर्को पक्षलाई क्षति पुग्न गएमा क्षतिपूर्ति व्यहोर्ने गरी निवेदकले लिखित प्रतिवद्धता गरेमा शर्त सहितको अन्तरिम आदेश जारी गर्न, | दफा १५८<br>देकानि२८<br>जिअनि३५ |

| | | |
|---|---|---|
| | ○ दाबीको विषय यथास्थितिमा नराख्दा माग दाबी निरर्थक हुने देखिएमा त्यस्तो विषय यथास्थितिमा राख्न।<br>✓ विपक्षी नबनाइएका कुनै व्यक्तिले अन्तरिम आदेशको छलफलमा सहभागी हुन पाउँ भनी आधार र कारण खुलाई निवेदन दिएमा त्यस्तो निवेदन इजलासमा पेश गरी भएको आदेश अनुसार गर्नु पर्छ।<br>✓ कुनै निवेदनमा प्रत्यर्थी बाहेक अन्य व्यक्ति वा निकायलाई बुझ्न आवश्यक देखिएमा अदालतले त्यस्तो व्यक्ति वा निकायलाई उपस्थित गराई बुझ्न सकिन्छ।<br>✓ तोकिएको मितिमा अन्तरिम आदेश सम्बन्धमा छलफल हुन नसकी अर्को मिति तोकिएमा सो मितिसम्म त्यस्तो आदेशले निरन्तरता पाउछ ।<br>✓ अन्तरिम आदेशको छलफलको लागि प्रत्यर्थीलाई झिकाईएकोमा अन्तरिम आदेशको टुङ्गो नलागेसम्म निजलाई तारिखमा राख्नुपर्छ। छलफल प्रयोजनका लागि पटक–पटक सूचना जारी गर्नुपर्दैन ।<br>✓ अन्तरिम आदेश जारी गर्दा वा जारी गर्न अस्वीकार गर्दा आधार कारण खुलाउनु पर्छ।<br>✓ एक पटक अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेकोमा पछि परिस्थितिमा आधारभूत परिवर्तन आएको आधार देखाई निवेदकले अन्तरिम आदेशको लागि पुनः निवेदन दिन सक्दछ।<br>✓ त्यस्तो निवेदन परेमा अदालतले दुबै पक्षको सुनुवाई गरी अन्तरिम आदेश वा अन्य उपयुक्त आदेश जारी गर्न सक्दछ<br>✓ अन्तरिम आदेशको लागि पेश भएको निवेदनको विषयमा निर्णय नै हुन उपयुक्त लागेमा अन्तिम निर्णय गर्न सकिन्छ। | |

| | | |
|---|---|---|
| **अन्तरिम आदेश रद्द हुने** | ✓ एक पक्षीय सुनवाईको आधारमा जारी भएको अन्तरिम आदेश रद्द गर्न  अर्को पक्षले सोही अदालतमा निवेदन गर्न सक्दछ।<br>✓ त्यस्तो निवेदन परेमा अर्को पक्षलाई झिकाई त्यस उपर सुनुवाई गर्नुपर्छ।<br>✓ त्यसरी सुनुवाई गर्दा अघि जारी गरेको अन्तरिम आदेश  कारण खुलाई रद्द, संशोधन वा हेरफेर गर्न सकिन्छ।<br>✓ निवेदनको अन्तिम टुङ्गो लागेपछि जारी भएको अन्तरिम आदेश स्वतः रद्द हुन्छ।<br>✓ अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफलका लागि दिन किटान गरी अर्को पक्ष झिकाउने आदेश भएकोमा निवेदकको कारणबाट सो दिन छलफल हुन नसकेमा त्यस्तो अन्तरिम आदेश निष्क्रिय हुन्छ। | दफा १५९<br>देकानि२८<br>जिअनि३५ |
| **क्षतिपूर्ति दिनु पर्ने** | ✓ जारी भएको अन्तरिम आदेश रद्द भएमा वा त्यसका शर्त संशोधन वा हेरफेर भएमा अन्तरिम आदेशको कारणबाट भएको हानि नोक्सानीको क्षतिपूर्तिको  माग गरी प्रत्यर्थीले निवेदन गर्न सक्छ।<br>✓ क्षतिपूर्तिको दाबी गरी निवेदन परेमा सम्बन्धित पक्षहरू उपस्थित गराई सुनुवाई गर्नुपर्छ।<br>✓ त्यसरी सुनुवाई गर्दा अन्तरिम आदेश जारी भएको कारणले प्रत्यर्थीलाई हानि, नोक्सानी भएको देखिएमा बास्तविक हानि, नोक्सानी बापत क्षतिपूर्ति भराउने आदेश दिन सकिन्छ।<br>✓ क्षतिपूर्ति भराउने आदेश भएकोमा अन्तरिम आदेश माग गर्ने पक्षले प्रत्यर्थीलाई आदेश बमोजिमको क्षतिपूर्ति भुक्तानी गर्नुपर्छ। | दफा १६० |
| **सूचना तामेली** | • बन्दी प्रत्यक्षीकरणको निवेदनमा प्रत्यर्थीका नाउमा बाटाका म्याद बाहेक  बढीमा ३ दिनभित्र र निषेधाज्ञाका हकमा बढीमा | जिअनि३६ |

| | | |
|---|---|---|
| | १५ दिनभित्र लिखित जवाफ पेश गर्न म्याद जारी गर्नुपर्छ। | |
| **म्याद तारिख थमाउने सम्बन्धी व्यवस्था** | • म्याद तारिख गुज्रेकोमा म्याद र तारिख दुवै गरेर बन्दीप्रत्यक्षीकरण को हकम एकपटकमा बढीमा ७ दिन सम्मको र निषेधाज्ञा भएमा एक पटकमा बढीमा १५ दिनसम्मको म्याद तारिख थमाइदिन सकिन्छ ।<br>• किराया बस्नु परेको, सुत्केरी भएको, दैवी परेको जस्ता बिशेष परिस्थितिमा थप १५ दिन म्याद तारिख थामिदिन सकिन्छ।<br>• अन्तरिम आदेश जारी वा खारेजीका लागि हुने छलफलको कुरामा म्याद तारिख थमाउन र स्थगित गर्न पाइदैन। | जिअनि३८ |
| **तामेलीमा राख्ने** | • निषेधाज्ञा वा बन्दीप्रत्यक्षीकरणको निवेदन निम्न अवस्थामा तामेलीमा राख्न सकिन्छः<br>✓ निवेदकले तारिख गुजारी थाम्न पाउने म्याद समेत भुक्तान भएपछि वा<br>✓ निवेदनको प्रयोजन समाप्त भएको भनी निवेदन परेमा | जिअनि३९ |
| **रिट प्रकृतिका निवेदनमा दस्तुर** | • बन्दी प्रत्यक्षीकरणको निवेदन पत्रमा कुनै दस्तुर लाग्दैन।<br>• निषेधाज्ञाको निवेदन पत्र दिँदा रू ५००।दस्तुर लाग्छ।<br>• लिखित जवाफ पेस गर्दा रू ५० रूपैयाँ दस्तुर लाग्छ। तर, सरकारी कार्यालयबाट पेस हुने लिखित जवाफमा कुनै दस्तुर लाग्दैन। | जिअनि ४० |

## ३. तारिख र म्याद सम्बन्धी व्यवस्था

मुद्दाका पक्षलाई अदालतमा उपस्थित हुनु भनी किटान गरी तोकिएको दिनलाई तारिख भनिन्छ। मुद्दाको कारवाहीको प्रत्येक चरणमा मुद्दाका पक्षको उचित प्रतिनिधित्व र सहभागिता गराउने उद्देश्यको लागि अदालतले मुद्दाका पक्षलाई तारिख तोक्नु पर्दछ। यसरी तारिख तोक्दा मुद्दाको काम र प्रयोजन समेत तारिख भरपाई र तारिख पर्चामा खुलाउनु पर्छ। तोकिएको दिनमा मुद्दाका पक्षले तारिख भर्पाईमा सहीछाप गरेमा सो तारिखमा अदालतमा उपस्थित भएको मानिन्छ। देवानी कार्यविधि संहितामा तारिख र म्याद सम्वन्धमा गरिएको व्यवस्था यस परिच्छेदमा उल्लेख गरिएको छः

**तारिख सम्बन्धी**

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
| --- | --- | --- |
| **तारिखमा राख्नु पर्ने** | • तारिखमा बस्नु नपर्ने अवस्थामा बाहेक मुद्दाका प्रत्येक पक्षलाई तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नुपर्छ।<br>• मुद्दामा प्रमाण वुझिसकेपछि अदालतको अनुमती लिई तारिखमा नवस्न पनि सकिन्छ।<br>• यसरी तारिखमा बस्न नचाहानेले दिएको निवेदन ईजलासमा पेश गरी भएको आदेश बमोजिम गर्नुपर्छ।<br>• तारिखमा नबसेको पक्षसँग कुनै कुरा बुझ्नु परेमा ७ दिनको सूचना दिई झिकाई बुझ्नु पर्छ।<br>• यसरी तारिखमा नरहेको पक्षले तारिखमा बस्न चाही निवेदन दिएमा पुनः तारिखमा राख्नु पर्छ। | दफा १३५<br>देकानि २४ |
| **एकैदिनको तारिख तोक्नुपर्ने** | • तारिख तोक्दा दुवै पक्षलाई एकै दिनको तोक्नुपर्छ।<br>• फिरादपत्र दर्ता भएपछि प्रतिउत्तरपत्र दाखिला हुने म्यादको अड्कल गरी प्रतिउत्तरपत्र पर्ने वा पर्न सक्ने अवधि कटाई बादीलाई तारिख तोक्नुपर्छ।<br>• वादीलाई दिएको तारिख प्रतिउत्तरपत्र पेश गरेको दिनसँग मेल नखाएमा त्यसपछिको तारिख दुवैलाई एकै दिन मिलान हुने गरी तोक्नुपर्छ। | दफा १३६ |
| **प्रयोजन खुलाई तारिख तोक्नुपर्ने** | • कुन काम र प्रयोजनका लागि तारिख तोकेको हो सो कुरा तारिख पर्चा, तारिख भर्पाई र तारिख किताबमा उल्लेख गर्नुपर्छ।<br>• तोकिएको तारिखका दिन तोकिएको काम सम्पादन गर्नुपर्छ।<br>• तोकिएको तारिखका दिन निर्धारित काम सम्पादन हुन नसकेमा तारिख भरपाईमा त्यसको कारण खुलाई अर्को तारिख तोक्नुपर्छ। | दफा १३७ |
| **तारिख तोक्ने** | • वारिस दिएको मुद्दामा बाहेक मुद्दा परेको अदालतदेखि करिव | दफा १३८ |

| | | |
|---|---|---|
| **तथा गुज्रेको तारिख प्रमाणीत गर्ने कार्यविधि** | १५किलोमिटर (करिव ४ कोष) बाहिरको अर्को अदालतमा पनि मुद्दा परेको र पक्षले सो कुराको लिखित जानकारी गराएको भए तारिख तोक्दा अर्को अदालतमा रहेको मुद्दाको तारिखसँग नजुध्ने गरी तोक्नुपर्छ।<br>• एकै अदालतमा एउटै बादी वा प्रतिबादी भएको एकभन्दा बढी मुद्दामा कुनै व्यक्ति तारिखमा बसेको र सो कुरा खुलाई एकै दिन तारिख तोक्न अदालतमा निवेदन गरेमा सम्भव भएसम्म सबै मुद्दाको लागि एकै दिन तारिख तोक्नुपर्छ।<br>• तारिख तोकेको अवस्थामा मुद्दाको पक्ष कुनै एक फाँटमा तारिखमा हाजिर भएमा सोही फाँटका अन्य मुद्दाको तारेख भरपाईमा सहि नगरेको भएपनि निज तारिखमा उपस्थित रहेको मान्नुपर्छ।<br>• तारिखमा उपस्थित हुने पक्षलाई तारिख भरपाईमा सहीछाप गराउनु पर्छ।<br>• तारिखको दिन उपस्थित नहुने पक्षको तारिख गुजारी सो कुरा तारिख भर्पाईमा प्रमाणित गरी राख्नुपर्छ।<br>• यसरी गुजारेको प्रमाणीत गर्दा तारिख भरपाईमा फाँटवाला कर्मचारीले तारिख गुजारेको ब्यहोरा जनाई दस्तखत गरी आफूभन्दा माथिल्लो तहको अधिकृतबाट उसैदिन प्रमाणीत गराउनुपर्छ। | देकानि २५ |
| **तारिखको दिन विदा परेमा** | • तारिख तोकिएको दिन सार्वजनिक बिदा परे बिदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिने हुँदा पक्षलाई तारिखमा राख्नु पर्छ। | दफा १३९ |
| **तारिखमा हाजिर हुनुपर्ने व्यक्ति थुनामा परेमा जानकारी गराउनु पर्ने** | • तारिखमा उपस्थित हुनुपर्ने ब्यक्ति थुनामा परी उपस्थित हुन नसकेमा कुन मुद्दामा थुनिएको हो सो को जानकारी निज आफैंले वा निजको एकासगोलको परिवारको सदस्य, कानून व्यवसायी वा वारिसले सम्वन्धित अदालतलाई दिनुपर्छ।<br>• त्यसरी थुनिएको जानकारी पाएमा अदालतले निज के कारणबाट | दफा १४० |

| | | |
|---|---|---|
| | थुनामा परेको हो र कति अवधिसम्म थुनामा बस्नु पर्ने हो त्यसको जानकारी सम्बन्धित निकायबाट माग गर्नुपर्छ।<br>• थुनामा परेको व्यक्ति १ महिनासम्ममा छुट्ने जानकारी प्राप्त भएमा निज छुटेको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र तारिखमा हाजिर हुन आए तारिखमा हाजिर भएको मानी निजलाई अर्को तारिख तोकी मुद्दाको कारबाही गर्नुपर्छ।<br>• त्यसरी थुनामा रहेको व्यक्ति १ महिनाभन्दा बढी अवधि थुनामा रहने वा थुनाबाट मुक्त हुने दिनको ठेगान नभएको वा थुनाबाट तत्काल मुक्त हुन नसक्ने अवस्था रहेको जानकारी प्राप्त भएमा त्यस्तो मुद्दाको कारबाही र किनारा गर्न निजलाई पर्खनु पर्दैन।<br>• थुनामा रहेको व्यक्तिले सो अवधिमा निजले गर्नुपर्ने मुद्दाको काम गर्न अरु कसैलाई वारिस दिई पठाउन सक्दछ।<br>• तर त्यस्तो पक्षलाई नै झिकाई वा बुझी मुद्दाको किनारा गर्न पर्ने भएमा निजलाइ झिकाई बुझी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ।<br>• थुनामा रहेको व्यक्ति थुनाबाट छुटी बाटाको म्याद बाहेक ७ दिनभित्र अदालतमा हाजिर हुन आएमा निजलाई तारिखमा राखी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ। | |
| **तारिख गुजारेमा पनि कारवाही नरोकिने** | • पक्षले तोकिएको तारिख गुजारेमा पुर्वनिर्धारित काम गर्न रोक्नु पर्दैन। | दफा १४१ |

| | | |
|---|---|---|
| **तारिखमा बस्नु नपर्ने** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्तो निकाय, संवैधानिक निकाय वा अदालत बादी वा प्रतिबादी भएको मुद्दामा त्यस्ता निकाय वा अदालतको तर्फबाट अदालतमा उपस्थित भई तारिखमा बस्नु पर्दैन।<br>• तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएकोमा सो दिन त्यस्तो निकाय वा अदालतको प्रतिनिधित्व गर्न सरकारी वकिल उपस्थित हुनुपर्छ। | दफा १४२ |
| **पुनरावेदन तहमा तारिखमा नबसे पनि हुने** | • अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा पक्षलाई तारिखमा नराखी मुद्दाको कारबाही र किनारा हुन सक्दछ। | दफा १४३ |

४. **म्याद तथा तारिख थमाउने सम्बन्धी व्यवस्था**

| **विषय** | **विवरण** | **संवन्धित कानून** |
|---|---|---|
| **गुज्रेको म्याद वा तारिख थमाउन सक्ने** | • दुनियावादी देवानी मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति परी जुनसुकै तहको अदालतबाट तोकिएको म्याद वा तारिख गुज्रेमा सम्बन्धित पक्षले देहायबमोजिम थमाउन पाउँछ:<br>○ प्रतिउत्तर वा पुनरावेदन लगायतका म्यादको हकमा १ पटक १५ दिनसम्म,<br>○ तारिखको हकमा बढीमा २ पटक २१ दिनसम्म,<br>• सरकारबादी देवानी मुद्दामा पुनरावेदन म्याद ७० दिनको हुन्छ। सो म्याद गुज्रेमा माथि उल्लेखित थाम्न पाउने म्यादका अतिरिक्त थप ३० दिन थाम्न पाईन्छ।<br>• मुद्दाका पक्षले तारिख गुजारेकोमा पटक कायम गर्दा म्याद थमाएको पटक गणना नगरी तारिख गुजारेको पटक मात्र हिसाव गरी कायम गर्नुपर्छ।<br>• म्याद वा तारिख थमाउनको लागि दिन गणना गर्दा म्याद वा | दफा २२३, २२४,२६२ |

| | | |
|---|---|---|
| | तारिख गुज्रेको दिनको भोलिपल्टदेखि थमाउन पाउने दिनसम्मको दिन गणना गर्नुपर्छ।<br>• मुद्दामा पुनः ईन्साफ गर्न मातहत अदालतमा पठाएको वा मुलतबी जगाई कारबाही गर्दा अघि थमाएको म्याद वा तारिखको पटक गणना गर्नु हुँदैन। | |
| **बिशेष परिस्थितिमा गुज्रिएको म्याद वा तारिख थामिने अवस्था** | • देहाय बमोजिमको काबू बाहिरको विशेष परिस्थितिका कारण म्याद वा तारिख गुज्रेकोमा देहायको अवधि भित्र म्याद वा तारिख थमाउन पाईन्छः<br>- म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिको कोही मरी आफैं किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको कारणले म्याद वा तारिख गुज्रेको भए त्यसरी मृत्यु भएको मितिले बाटोको म्याद बाहेक **२१ दिन,**<br>- सुत्केरी भएको कारण म्याद वा तारिख गुज्रिएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक **४५ दिन,**<br>- बाढी, पहिरो, हिमपात, बाटो बन्द भई वा कर्फ्यूको घोषणा वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन बन्द भई म्याद वा तारिख गुज्रिएको भए बाटो खुलेको वा यातायातको साधन खुलेको मितिले बाटोको म्याद बाहेक **७ दिन,**<br>- कसैको अपहरणमा परेको वा शरीर बन्धक बनाएको कारण म्याद वा तारिख गुज्रिएको भए अपहरण वा शरीर बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक **१० दिन,**<br>- भूकम्प, ज्वालामुखी आदि जस्ता विपद् परेको कारण म्याद वा तारिख गुज्रिएको भए त्यस्तो विपद् भएका मितिले बाटोको म्याद बाहेक **१० दिन।**<br>- कुनै दुर्घटनाको कारण अचेत भई वा अचानक कुनै गम्भीर रोगको कारण हिंडडुल गर्न नसक्ने भई अस्पतालमा भर्ना भई उपचार गर्नु परेको अवस्थामा त्यस्तो कारण परेको मितिले | दफा २२५ |

| | | |
|---|---|---|
| | बाटोको म्याद बाहेक **१५ दिन**।<br>• त्यसरी गुज्रेको म्याद तारिख थमाउन निवेदन दिदा त्यस्तो कारण र परिस्थिति परेको व्यहोरा  पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नुपर्छ। | |
| **मुद्दा सकार गर्न पाउने** | • मुद्दाको फैसला नहुँदै कुनै पक्षको मृत्यु भएमा वा दुर्घटना परी अचेत भएमा वा निज वेपत्ता भै म्याद वा तारिख गुज्रेमा बाटोको म्याद बाहेक **२१** दिनभित्र संरक्षक वा हकवालाले म्याद वा तारिख थमाई मुद्दा सकार गर्न निवेदन दिन पाउँछ।<br>• सो निवेदनको व्यहोरा मनासिब देखिएमा त्यस्तो मुद्दा सकार गराई गुज्रेको म्याद वा तारिख थामी दिनुपर्छ। | दफा २२६ |
| **बाटाको म्याद हिसाब गर्ने आधार** | • अदालतले बाटोको म्यादको हिसाव गर्दा देहाय बमोजिम गर्नुपर्छः<br>○ यातायातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा वास्तविक लाग्ने दिन,<br>○ रेल वा बस नचलेको ठाउँको लागि प्रत्येक पन्ध्र किलोमिटरको १ दिन पाईन्छ। १५ कि.मी. भन्दा बढि तर अर्को १५ कि.मी. नपुगेको भएपनि १ दिन बाटोको म्याद पाईन्छ।<br>○ तर, बाटोको दुरी जम्मा १५ किलोमिटर भन्दा घटी भए बाटाको म्याद पाईदैन। | दफा २२७ |
| **थमाउन पाउने अवधिसम्म मुद्दा किनारा नगर्ने** | • मुद्दाका पक्षले म्याद वा तारिख गुजारेमा पनि माथि उल्लेखित थमाउन पाउने अवधि समाप्त नभएसम्म मुद्दाको सुनुवाई गरी किनारा गर्न हुँदैन। | दफा २२८ |

## ५. वारिस सम्बन्धी व्यवस्था

अदालतमा आफै उपस्थित भई नालिश दायर गर्न वा मुद्दामा प्रतिरक्षा गर्न नसक्ने अवस्थाका व्यक्तिले कारण खोली सोही प्रयोजनका लागि लिखित रुपमा नियुक्त गरेको प्रतिनिधिलाई वारिस भनिन्छ। मुद्दाको सामान्य काम कारवाहीको लागि साधारण वारिस र मुद्दाको संपूर्ण काम कारवाही गर्नका लागि विशेष अधिकार सम्पन्न

अधिकृत वारिस नियुक्त गर्नु पर्दछ। अचल सम्पत्तिको हक हस्तान्तरण गर्न वा रजिष्ट्रेशन गर्नुपर्ने कुनै लिखत पारित गराउने प्रयोजनाका लागि समेत अधिकृत वारिस नियुक्त गर्न सकिन्छ। वारिसका सम्वन्धमा देवानी कार्यविधि संहितामा देहाय बमोजिम ब्यबस्था गरिएको छ।

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
|---|---|---|
| **वारिस नियुक्त गर्न सक्ने** | • मुद्दाको कुनै पक्षले अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्ति गर्न सक्छ।<br>• त्यसरी नियुक्ति भएको प्रतिनिधिलाई वारिसको हैसियत प्राप्त हुन्छ।<br>• वारिसको नियुक्ति कार्यविधि संहिताको अनुसूची १३ बमोजिम तोकिएको ढाँचामा लिखित रुपमा गर्नुपर्छ। उक्त लिखतलाई वारिसनामा भनिन्छ।<br>• वारिसनामाको लिखतमा कारणी, कम्तीमा दुई जना साक्षी र लेखकको पहिचान सहितको सहीछाप गराउनु परछ।<br>• वारिसको अधिकार मुद्दाका पक्षले नियुक्ति गर्दा वारिसनामामा लेखिएबमोजिम हुन्छ। | दफा १४४, १४६, १५० |
| **वारिस हुने व्यक्तिको योग्यता** | **देहाय बमोजिमको व्यक्ति वारिस हुन पाउछः**<br>○ कानून बमोजिम करार गर्न योग्य ब्यक्ति,<br>○ फैसलाले ठहरेको सरकारी बिगो, अदालती दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको ब्यक्ति,<br>○ कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको ब्यक्ति।<br>• तर एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्दा उल्लिखित ब्यबस्था लागु हुँदैन। | दफा १४५ |
| **एकभन्दा बढी मुद्दा वा व्यक्तिको वारिस** | • एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दामा वा एउटै | दफा १४७ |

| | | |
|---|---|---|
| **हुन सक्ने** | मुद्दामा एकभन्दा बढी व्यक्तिको वारिस हुन सक्छ,<br>• तर एउटै व्यक्ति बादी प्रतिबादी दुवैको वारिस हुन सक्दैन। | |
| **पक्ष पनि वारिस हुन सक्ने** | • कुनै मुद्दामा एउटै पक्षका धेरै व्यक्ति बादी वा प्रतिबादी भए त्यस्ता ब्यक्तिहरू मध्ये कुनै एक व्यक्ति अन्य बादी वा प्रतिबादीको सो मुद्दामा वारिस हुन सक्छ। | दफा १४८ |
| **एकभन्दा बढी अदालतमा वारिस हुन सक्ने** | • एकै व्यक्ति एकभन्दा वढी अदालतमा विचाराधीन रहेको मुद्दामा वारिस हुन सक्दछ। | दफा १४९ |
| **वारिसनामा दर्ता गर्ने प्रक्रिया** | **वारिसनामा लिदा अदालतले देहाय बमोजिम गर्नुपर्छः**<br>• वारिसनामामा रीत पुगे वा नपुगेको जाँच गर्ने,<br>• रीत नपुगेको देखिएमा रीत पुऱ्याई ल्याउन ३ दिनको म्याद दिई दरपीठ गर्ने,<br>• रीत पुऱ्याई ल्याएमा दर्ता गर्ने। | दफा १५१ |
| **वारिस परिवर्तन गर्न वा आफै मुद्दा सकार गर्न सक्ने** | • पक्षले जुनसुकै बखत वारिसनामा बदर गरी अर्को वारिस नियुक्त गर्न वा निवेदन दिई आफैले मुद्दा सकार गर्न सक्छ।<br>• त्यस्तो सकार गर्ने निवेदन वा वारिसनामा मिसिल संलग्न गरी त्यसको अभिलेख राख्नुपर्छ। | दफा १५२ |
| **अधिकृत वारिस सम्बन्धी व्यवस्था** | • कसैले निम्न कार्य गर्न कुनै मुद्दा किटान गरी वा नगरी अधिकृत वारिस नियुक्त गर्न सक्दछ।<br>- फिराद गर्न,<br>- प्रतिउत्तरपत्र दर्ता गर्न,<br>- फिराद दाबी फिर्ता गर्न,<br>- मिलापत्र गर्न वा<br>- अन्य कानूनी काम कारबाही गर्न<br>• अधिकृत वारिसले मुद्दाको कारबाही हुँदा अर्को व्यक्तिलाई | दफा १५३ |

| | | |
|---|---|---|
| | वारिस नियुक्त गर्न पनि सक्छ। | |
| **अधिकृत वारिस मार्फत अचल सम्पत्तिको हक हस्तान्तरण गर्न सक्ने** | • रजिष्ट्रेशन गर्नु पर्ने **निम्न लिखत** पारित गराउन कार्यालयमा उपस्थित हुन नसक्ने व्यक्तिले कारण खुलाई लिखतद्वारा अधिकृत वारिस नियुक्त गर्न सक्छ।<br>- कुनै अचल सम्पत्ति बिक्री वितरण वा सट्टापट्टा गर्ने,<br>- हालैको बकसपत्र गरिदिने,<br>- अन्य कुनै तरिकाले हक हस्तान्तरणको लिखत गर्ने,<br>- कानून बमोजिम रजिष्ट्रेशन गर्नुपर्ने अन्य लिखत गर्ने,<br>• शेषपछिको बकसपत्र पारित गर्नका लागि अधिकृत वारिस नियुक्त गर्न हुँदैन।<br>• अधिकृत वारिसले आफुलाई प्राप्त अख्तियारनामाको शर्तको अधिनमा रहि काम गर्नुपर्छ। | दफा १५४ |
| **अधिकृत वारिसनामा प्रमाणित गर्दाको कार्यविधि** | • मुद्दा किटान नगरी अधिकृत वारिस नियुक्त गर्दा नेपालभित्र भए कुनै जिल्ला न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतबाट प्रमाणित गराउनु पर्छ।<br>• त्यसरी अधिकृत वारिसनामा प्रमाणित गराउँदा वारिस दिने र वारिस हुने व्यक्तिको फोटो टाँसी दुवैको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी पेश गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा रु ५००। लिई प्रमाणित गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा प्रमाणित गर्न अदालतमा निवेदन दिँदा नियमावलीको अनुसूची -४५ बमोजिमको ढाँचामा दिनुपर्छ ।<br>• अचल सम्पत्तिको हक हस्तान्तरणको बिषयसँग सम्बन्धित अधिकृत वारिसनामा प्रमाणीत गर्नुपर्ने भएमा सो निवेदनमा देहायका कुरा समेत खुलाएको हुनु पर्छः<br>○ सम्पत्ति रहेको स्थान वा ठेगाना | दफा १५३, १५४<br>देकानि<br>६८ |

| | | |
|---|---|---|
| | ○ कि नं र क्षेत्रफल<br>○ अचल सम्पत्तिको चालु बर्षको तिरो बुझाएको रसिद<br>• निवेदन दर्ता कितावमा दर्ता गरी निवेदनका सम्बन्धमा सोही दर्ता किताबमा निर्णय गर्नु पर्छ ।<br>• अधिकृत वारिसनामा प्रमाणित गर्ने निर्णय भएमा निवेदन साथ पेश गरेको अधिकृत बारिसनामाको कागज न्यायाधीशले प्रमाणित गरी एक प्रति अदालतमा अभिलेखको रुपमा राखी एक प्रति निवेदकलाई दिनु पर्छ । | |
| **अधिकृत वारिसको हैसियत अन्त्य हुने** | **देहायका अवस्थामा अधिकृत वारिसको हैसियत समाप्त हुन्छः**<br>• तोकिएको काम, प्रयोजन वा समायावधि समाप्त वा भुक्तान भएमा,<br>• तोकिएको कुनै खास घटना वा अवस्था पूरा भएपछि वा त्यस्तो घटना वा अवस्था अन्त्य भएमा,<br>• वारिस नियुक्त गर्ने व्यक्तिले राष्ट्रिय स्तरका कुनै दुई दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी वारिस बदर गरेमा,<br>• वारिसमार्फत हक हस्तान्तरण वा सट्टापट्टा गर्ने भनिएको सम्पत्ति हस्तान्तरण वा सट्टापट्टा भएमा,<br>• वारिस दिने वा हुने व्यक्तिको मृत्यु भएमा,<br>• वारिसनामा बमोजिमको सम्पत्तिका सम्बन्धमा वारिस दिने र हुने वा निजको एकासगोलको व्यक्ति बीच अदालतमा मुद्दा परेमा,<br>• अधिकृत वारिसनामा दिने र लिने व्यक्ति बीच अदालतमा कुनै मुद्दा परेमा,<br>• अधिकृत वारिस हुने व्यक्तिले काम गर्न नचाही वारिस नियुक्ति गर्ने व्यक्तिलाई वारिसनामाको सक्कल प्रति सहित लिखित | दफा १५५ |

| | | |
|---|---|---|
| | जानकारी दिएमा। | |

## ६. प्रमाणको परीक्षण

मुद्दामा ठहर गर्नुपर्ने विषयसंग सम्वद्ध दाबी जिकिर खण्डन वा समर्थन गर्ने लिखतलाई लिखित प्रमाण भनिन्छ। फिराद दाबी तथा प्रतिउत्तर जिकिर पुष्टि गर्ने कुनै लिखत प्रमाण भए मुद्दाका पक्षहरूले फिरादपत्र तथा प्रतिउत्तरपत्र साथै पेश गर्नु पर्दछ। पक्षले पेश गर्न नसक्ने प्रकृतिका प्रमाण कुनै तेस्रो पक्ष वा संस्था तथा  निकायको जिम्मा रहेको कुरा दाबी जिकिरमा उल्लेख गर्नु पर्छ। सो कुरा मनासिव लागेमा त्यस्ता प्रमाण अदालतबाटै झिकाई बुझ्नु पर्दछ। लिखित प्रमाणको परीक्षण गर्दा प्रतिउत्तर परेपछि वा पर्ने अवधि नाघेपछि सक्कल लिखत झिकाई हेरी परिक्षण गर्नु पर्दछ। एक पक्षले पेश गरेको प्रमाण अर्को पक्षलाई देखाई सुनाई सद्दे कीर्तेमा बयान गर्ने मौका दिनुपर्दछ।

मुद्दाको विवादित विषयवस्तुको वारेमा देख्ने, सुन्ने र थाहापाउने ब्यक्तिलाई साक्षी भनिन्छ। साक्षी बुझी पाउन निजहरूको नाम, थर र वतन समेत खोली बादीले फिरादपत्र र प्रतिबादीले प्रतिउत्तर पत्रमा उल्लेख गर्नु पर्दछ।साक्षीलाई अदालतमा उपस्थित गराई विवादित विषयबस्तुका सम्वन्धमा प्रश्न सोधी निजले दिएको जवाफ लेखबद्ध गरिने कार्यलाई साक्षी परिक्षण भनिन्छ। नेपाल सरकार वा सार्वजनिक हक हित वा सरोकार रहेको मुद्दामा नवुझि नहुने साक्षीलाई अदालतले म्याद जारी गरी झिकाउने बाहेकका अन्य अवस्थामा जसको साक्षी हो उसैले उपस्थित गराउनु पर्दछ।साक्षी परीक्षण गराउदा साक्षीको सपथ गराउनु पर्छ। साक्षी परिक्षण गर्दा एक पक्षको साक्षीलाई अर्को पक्षले जिरह गर्न मौका दिनु पर्दछ। लिखत प्रमाण र साक्षी परीक्षण सम्वन्धमा देवानी कार्यविधि संहिता तथा नियमावलीमा देहायबमोजिम ब्यबस्था गरिएको छ।

### ६.१ लिखत प्रमाण परीक्षण

| विषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **प्रमाण सम्बन्धी लिखत पेश गर्नु पर्ने** | • बादीले फिराद दाबी र प्रतिबादीले प्रतिउत्तर जिकिरसँग सम्बन्धित लिखित प्रमाणको सक्कल र त्यसको नक्कल फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै पेश गर्नुपर्छ।<br>• नेपाल सरकार बादी वा प्रतिबादी भएको मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्र साथ लिखित प्रमाण तत्काल पेश गर्न नसक्ने भएमा कारण खुलाई कुन कार्यालयमा त्यस्तो प्रमाण रहेको छ वा रहन सक्ने हो सोको विवरण फिरादपत्र वा प्रतिउत्तरपत्रमा खुलाउन पर्छ। | दफा १६१ |

| | | |
|---|---|---|
| | • फिराद वा प्रतिउत्तरपत्रमा प्रमाणसम्बन्धी विवरण उल्लेख भएकोमा त्यस्तो प्रमाण आवश्यकतानुसार सम्बन्धित कार्यालयबाट अदालतले आफैं झिकाई बुझ्न सक्छ।<br>• कुनै लिखित प्रमाणको सक्कल प्रति तत्काल अदालतमा पेश गर्न नसकिने भएमा सोको कारण खुलाई रीतपूर्वकको प्रतिलिपि पेश गरनुपर्छ। | |
| **प्रमाणको उल्लेखन गर्नु पर्ने** | • कुनै लिखित प्रमाणको सक्कल कुनै व्यक्ति वा संस्थाको जिम्मामा रही त्यसको सक्कल वा प्रतिलिपि तत्काल उपलब्ध गराउन नसक्ने भए फिराद वा प्रतिउत्तरपत्रमा सो कुरा उल्लेख गर्नुपर्छ।<br>• उक्त प्रमाण बुझ्नु पर्ने देखिएमा प्रमाणको सक्कल वा प्रतिलिपि अदालतले तोकेको अवधिभित्र पेश गर्न त्यस्तो व्यक्ति वा संस्थालाई आदेश दिन सकिन्छ।<br>• प्रमाण पेश गर्ने आदेश भएमा सो व्यक्ति वा संस्थाले तोकेको अवधिभित्र त्यस्तो प्रमाण पेश गर्नुपर्छ।<br>• आदेश बमोजिम प्रमाण पेश नगरेमा सो व्यक्ति वा संस्थाको प्रमुखलाई रु १०००।- सम्म जरिबाना हुन सक्दछ। | दफा १६२ |
| **प्रमाण पेश गर्न समय माग गर्न सक्ने** | • फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्दा लिखित प्रमाण पेश गर्न नसक्ने कारण खुलाई बादी वा प्रतिबादीले समय माग गर्न सक्छन्।<br>• त्यसरी समय माग गरेको कारण मनासिब देखिए १५ दिनसम्मको समय दिन सकिन्छ।<br>• उक्त समयभित्र पेश नभएको प्रमाण सो मुद्दामा बुझ्न पर्दैन। | दफा १६३ |
| **प्रमाण पेश गर्न अनुमति दिन सक्ने** | • बादी वा प्रतिबादीको जानकारीमा नआएको कुनै नयाँ र महत्वपूर्ण लिखित प्रमाण पछि जानकारीमा आएमा वा पत्ता लागेमा सो प्रमाण पेश गर्न बादी वा प्रतिबादीले अनुमति माग गर्न सक्छन्।<br>• त्यसरी अनुमति माग गरेको कारण मनासिव देखिए त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सकिन्छ। | दफा १६४ |

| | | |
|---|---|---|
| | • उक्त प्रमाण अन्य व्यक्ति, संस्था वा निकायको नियन्त्रणमा रहेकोले बादी वा प्रतिबादीले आफैंले पेश गर्न संभव नभएको कारण उल्लेख गरी अदालतमा निवेदन दिएमा सो प्रमाण झिकाउन आदेश दिन सकिन्छ। | |
| **लिखत अनुवाद गर्नु पर्ने** | • नेपाली भाषा बाहेक अन्य भाषामा लेखिएको लिखत अदालतमा प्रमाणको रूपमा पेश भएमा अदालतले लिखत पेश गर्ने पक्षलाई सो लिखतको नेपाली भाषामा अनुवाद गरी पेश गर्ने आदेश दिन सक्छ।<br>• त्यस्तो आदेश भएमा सम्बन्धित पक्षले सो लिखत नेपाली भाषामा अनुवाद गराई सोको प्रमाणित प्रति अदालतमा पेश गर्नुपर्छ। | दफा २७३ |
| **सक्कल लिखत फिर्ता गर्नु पर्ने** | • लिखित प्रमाणको सक्कल प्रति र प्रतिलिपि प्राप्त भएपछि सम्बन्धित अधिकृतले सक्कल लिखतसँग प्रतिलिपि भिडाई प्रमाणित गरी त्यस्तो प्रतिलिपिमा पेश गर्ने व्यक्तिको सहीछाप गराई मिसिल संलग्न गर्नुपर्छ।<br>• प्रमाणीत प्रतिलिपि मिसिल सामेल गरेपछि प्रमाणको सक्कल प्रति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ।<br>• आवश्यक भएमा त्यस्तो सक्कल लिखत जुनसुकै बखत माग गर्न सकिन्छ र सो प्रमाण माग बमोजिम पेश नगरेमा प्रमाणको रूपमा लिन पर्दैन। | दफा १६५ |
| **प्रतिउत्तरपत्र पेश भएपछि मात्र प्रमाण बुझ्न पर्ने** | • सामान्यतया प्रतिउत्तरपत्र पेश नभई वा सो पेश गर्ने अवधि व्यतित नभई प्रमाण बुझ्ने कारबाही गर्नु हुँदैन। | दफा १६६ |
| **प्रमाण बुझ्नु पर्ने** | • फिराद र प्रतिउत्तरपत्रमा उल्लेखित सरकारी कार्यालयमा रहेको कुनै कागजात प्रमाणको रूपमा बुझ्नु पर्ने देखिएमा त्यस्तो प्रमाण बुझ्न आदेश दिनु पर्दछ। | दफा १६७ |
| **ठहर गर्नु पर्ने कुरामा प्रमाण** | • अदालतले तोकिएको तारिखका दिन बादी र प्रतिबादीको रोहबरमा आवश्यक कुरा सोधपुछ गरी कुरा मिले वा नमिलेको विषय यकिन | दफा १६८ |

| | | |
|---|---|---|
| **बुझ्ने** | गर्नु पर्छ।<br>• दुबै पक्षको कुरा मिलेको देखिए सोही दिन निर्णय गर्नु पर्छ।<br>• आंशिक वा पूर्ण रूपमा कुरा नमिलेको देखिएमा जति कुरा नमिली ठहर गर्नु पर्ने हो सो सम्बन्धमा प्रमाण झिकाउन आदेश दिई सबुत प्रमाण बुझ्ने तारिख तोक्नु पर्छ।<br>• ठहर गर्नु पर्ने विषयसँग सम्वद्ध कुरामा मात्र प्रमाण बुझ्न पर्छ। | |
| **लिखत पेश गर्न अदालतले बादी प्रतिबादी बाहेकको ब्यक्तिलाई आदेश दिन सक्ने** | • मुद्दामा ठहर गर्न आवश्यक पर्ने प्रमाण बादी प्रतिबादी बाहेक अन्य कसैको कब्जामा रहेको भए अवधि तोकी सो प्रमाण पेश गर्न त्यस्तो व्यक्तिलाई आदेश दिन सकिन्छ।<br>• त्यस्तो व्यक्तिले तोकिएको अवधिभित्र आफैं वा अरु कुनै व्यक्ति मार्फत त्यस्तो लिखत अदालतमा पेश गर्नुपर्छ।<br>• सो लिखत पेश नगरेमा वा सो को मनासिब कारण समेत उल्लेख नगर्ने व्यक्तिलाई रु १०,०००।-सम्म जरिबाना गर्न सकिन्छ। | दफा १६९<br>देकानि ३१ |
| **प्रमाण बुझ्ने क्रम** | • सामान्यतः प्रमाण बुझ्ने क्रममा बादीले पेश गरेको प्रमाण बुझेपछि मात्र प्रतिबादीले पेश गरेको प्रमाण बुझ्नु पर्छ।<br>• यसरी प्रमाण बुझ्दा कुनै लिखत प्रमाणको रूपमा लिन नहुने वा असान्दर्भिक भनी मुद्दाको कुनै पक्षले आपत्ति गरेमा सो आपत्ति मनासिब भए वा नभएको सम्बन्धमा तत्काल आदेश गर्नु पर्छ।<br>• त्यस्तो आदेशको अभिलेख गरी मिसिल संलग्न गर्नुपर्छ। | दफा १७० |
| **कागज गराउन सक्ने** | • मुद्दाका विषयमा पक्षसँग कुनै कुरा खुलाउनु परेमा अदालतले अर्को पक्षको रोहबरमा निजको कागज गराउन हुन्छ।<br>• फिरादपत्र बाहेक उजुरीबाट कारबाही सुनुवाई गरी किनारा गर्नुपर्ने मुद्दामा बादी वा प्रतिबादीसँग प्रमाण समेत खुलाई बयान गराई अभिलेख गरी कारबाही किनारा गर्नुपर्छ। | दफा १७१ |
| **सद्दे किर्तेमा बयान गराउनु** | • प्रमाण बुझ्न तोकिएको तारिखमा बादी प्रतिवादीले पेश गरेको सक्कल | दफा १७२ |

| | | |
|---|---|---|
| **पर्ने** | कागज एकअर्कालाई सक्कलै देखाई सुनाउनु पर्छ।<br>• यसरी सुनाउँदा निजले सो कागजलाई सद्दे, कीर्ते वा जालसाजी नामाकरण गरेमा सोही व्यहोराको बयान गराई अभिलेख गर्नुपर्छ।<br>• तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई पक्षले म्याद माग गरेमा ३ दिनसम्मको म्याद दिनुपर्छ।<br>• वादी प्रतिवादी बाहेक अरुको सहीछाप परेको कागजका सम्बन्धमा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई म्याद मागेमा बयान गर्न १५ दिनसम्मको म्याद दिन सकिन्छ।<br>• बयान गर्दा सद्दे, कीर्ते वा जालसाजी जे नामाकरण गर्छ सोहि अनुरूप निजको भनाई अभिलेख गर्नुपर्छ।<br>• कुनै पक्षले त्यस्तो लिखत कीर्ते वा जालसाजी नामाकरण गरेमा दुवै पक्ष हाजिर रहेको भए सोही दिन र एक पक्ष अनुपस्थित रहेको भए उपस्थित भए कै दिन प्रतिउत्तर बयान गराउनु पर्छ।<br>• वारिस वा कानून व्यवसायी तारिखमा रहेको मुद्दामा पक्षको नै वयान गराउनु पर्ने देखिएमा पक्षलाई नै वारिस वा कानून व्यवसायी मार्फत झिकाई बयान गराउनु पर्छ।<br>• प्रमाणको कागज देखाउदा सुनाउदा पक्षले सद्दे, कीर्ते वा जालसाजी छुट्टाउन नसक्ने भएमा त्यस्तो कागज जाँच गर्न सम्बन्धित विशेषज्ञ समक्ष पठाउन सकिन्छ।<br>• सद्देकीर्ते जाँच गर्न पठाउदा जसले जिकिर लिएको हो उसैबाट लाग्ने दस्तुर दाखिल गराउनुपर्छ।<br>• लिखत कीर्ते ठहरिएमा त्यस्तो लिखत पेश गर्ने पक्षबाट लिखत जाँच गराउँदा लागेको खर्च अर्को पक्षलाई भराउनुपर्छ। | देकानि ३२ |
| **सद्दे, कीर्ते वा जालसाजीको लागि सुनाउनु** | • कानून बमोजिम प्रमाणमा लिन नसकिने लिखत सद्दे, कीर्ते वा जालसाजीको लागि सुनाउनु पर्दैन।<br>• कुनै प्रतिबादीले पेश गरेको लिखतबाट अन्य कुनै प्रतिबादीलाई असर | दफा १७३ |

| | | |
|---|---|---|
| **नपर्ने** | पर्ने रहेछ भने असर पर्ने प्रतिबादीलाई सो प्रमाण देखाई सुनाई निजको दफा १७२ बमोजिमको प्रक्रिया अपनाई बयान गराउनु पर्छ। | |
| **पुनरावेदन सुन्ने अदालतबाट सद्दे कीर्तेमा बयान गराउन सकिने** | • लिखित प्रमाण सद्दे, कीर्ते वा जालसाजी छुट्याई ईन्साफ गर्नु पर्ने कार्यविधि पूरा नगरी तल्लो अदालतबाट मुद्दा फैसला भएको रहेछ भने पुनरावेदन सुन्ने अदालतले त्यस्तो कागज सक्कलै झिकाई पक्षको बयान गराउनु पर्छ। | दफा १७४ |
| **देवानीबाट उठेको फौजदारी** | • कुनै देवानी मुद्दामा प्रतिउत्तर वा बयानबाट उठेको फौजदारी कायम हुने मुद्दामा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही गर्नु पर्छ। | दफा १७५ |
| **प्रभावित तेस्रो पक्ष र निजको प्रमाण बुझ्नु पर्ने** | • मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक तेस्रो पक्षको हक प्रभावित हुने देखिएमा वा मुद्दामा सम्वन्धित देखिन आएमा त्यस्तो पक्षलाई आफ्नो कुरा भन्ने मनासिब समय दिई निजलाई कारणी सरह तारिखमा राखी प्रमाण बुझी मुद्दाको कारबाही गर्नु पर्छ। | दफा १७६ |
| **नाप, जाँच वा नक्सा गर्ने** | **नाम नक्सा गर्दा ध्यान दिनुपर्ने कुराहरुः**<br>• विवाद परेको अचल सम्पत्तिको नाप, नक्सा गर्नुपर्ने देखिएमा सो को लागि आदेश दिनुपर्छ।<br>• सो आदेश बमोजिम कार्य गर्दा दुवै पक्षलाई त्यस्तो नाप, नक्सा वा जाँच गर्नु पर्ने ठाउँ तोकी हाजिर हुन तारिख तोक्नु पर्छ।<br>• उक्त नाप नक्सा गर्दा कम्तीमा राजपत्रअनङ्कित द्वितीय श्रेणीका एकजना कर्मचारी, अमिन, मुद्दाका दुवै पक्ष, उपलब्ध भएसम्म स्थानीय तहका कम्तीमा एक जना प्रतिनिधि र कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई समेत रोहबर राखी नक्सा मुचुल्का तयार गर्नु पर्छ।<br>• सो नक्सा मुचुल्का तीन प्रति तयार गरी नाप जाँच गर्ने कर्मचारीले नाम र पद खुलाई र सम्बन्धित पक्ष, स्थानीय व्यक्ति र स्थानीय | दफा १७७ |

| | | |
|---|---|---|
| | तहका प्रतिनिधिले नाम खुलाई सहीछाप गर्नुपर्छ।<br>• त्यस्तो मुचुल्का एक एक प्रति भरपाई गराई मुद्दाका पक्षलाई दिई एक प्रति नक्सा, भरपाई र मुचुल्का अदालतमा दाखिला गर्नुपर्छ।<br>• नाप नक्सा गर्दा पक्षहरू उपस्थित नभएमा वा नक्सा मुचुल्कामा सहीछाप नगरेमा वा पक्षहरू तारिखमा हाजिर नभएमा सो व्यहोरा जनाई खटिएका कार्मचारी र स्थानीय तहका कम्तिमा एकजना प्रतिनिधिको सहीछाप गरी त्यस्तो नक्सा मुचुल्का अदालतमा दाखिल गर्नुपर्छ।<br>• सूचना दिँदा पनि स्थानीय तहको प्रतिनिधि उपस्थित नभएमा सो कारणले मात्र अन्य कार्यविधि पूरा भएको नाप, जाँच वा नक्सा बेरीतको मानिदैन।<br>• रीत नपुगेको नाप, जाँच वा नक्सा प्रमाणमा लिन हुँदैन।<br>• विवादित अचल सम्पतिको नाप जाँच गर्न खटिएको कर्मचारीले बदनियत चिताई वास्तविक वा यथार्थताभन्दा फरक हुने गरी नाप, नक्सा वा जाँच गरेको प्रमाणित भएमा त्यस्तो कर्मचारीलाई रु १०,०००।-सम्म जरिबाना र विभागीय कारबाही समेत हुन्छ। | |
| **ठाउँ अवलोकन गर्न सक्ने** | • मुद्दाको विषयवस्तु जटिल भई यथार्थरूपमा अदालत समक्ष पेश गर्न सम्भव नहुने भएमा वा प्रमाणको रूपमा दिएको वस्तु, विवादको विषय वा अचल सम्पत्ति रहेको ठाउँको नै अवलोकन वा निरीक्षण गर्नु पर्ने देखिएमा कारण खुलाई आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेश भएमा त्यसको लागि दिन तोकी न्यायाधीश आफैं वा आदेश बमोजिम तोकिएको प्राविधिज्ञ वा अन्य कुनै कर्मचारीले त्यस्तो वस्तु, विषय वा ठाँउको अवलोकन वा निरीक्षण गर्नुपर्छ।<br>• प्राविधिज्ञ वा अन्य कुनै कर्मचारीले अवलोकन वा निरीक्षण गरेको भए निजले मुद्दाको विषय वस्तुसँग सान्दर्भिक विषयमा प्रतिवेदन पेश गर्नुपरछ। | दफा १७८ |

## ६.२ साक्षी परीक्षण सम्वन्धी व्यबस्था

| बिषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **साक्षी परीक्षण सम्बन्धी व्यवस्था** | • साक्षी बुझ्ने आदेश भएपछि पक्षहरूलाई साक्षी उपस्थित गराउने तारेख तोक्नु पर्दछ।<br>• यसरी तोकिएको तारिखको दिन पक्ष आफैले साक्षीहरू उपस्थित गराउनु पर्छ।<br>• साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएका सबै साक्षीको वकपत्र गराउनु पर्छ।<br>• सबै साक्षीको वकपत्र गराउन नभ्याइएमा अर्को दिन त्यस्ता साक्षीको वकपत्र गराउनु पर्छ।<br>• त्यसरी साक्षीलाई अर्को दिनको तारिख तोक्दा जतिजना साक्षीको वकपत्र हुनसक्छ त्यति जना साक्षीलाई मात्र क्रमशः उपस्थित हुने गरी तारिख तोकी बकपत्र गराउन सकिन्छ।<br>• तारिखका दिन उपस्थित नभएका साक्षीको बकपत्र हुन सक्दैन।<br>• तर साक्षी उपस्थित गराउन तोकिएको तारिखका दिन यातायात साधन बन्द वा विपद परी साक्षी उपस्थित गराउन नसकिने भएमा स्थानीय तह वा सरकारी निकायको सिफारिस सहित अर्को तारिख तोकी पाउन बाटो खुलेको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र सम्वन्धित पक्षले निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन परेमा ईजलासमा पेश गरी आदेश भएपछि साक्षी परीक्षण गराउने गरी अर्को तारिख तोक्नु पर्छ, | दफा १७९<br>देकानि३० |
| **अदालतबाट नवुझि नहुने साक्षी बुझ्न सकिने** | • तारिखको दिन उपस्थित नगराईएका साक्षी बुझिने छैन तर, नेपाल सरकारको वा सार्वजनिक हक, हित वा सरोकार संलग्न रहेको मुद्दामा नबुझी नहुने साक्षीलाई बुझ्ने आदेश गरी १५ दिन भित्र अदालतमा उपस्थित हुन म्याद जारी गर्नु पर्छ। | दफा १८० |

| | | |
|---|---|---|
| | • त्यस्तो म्याद जारी भएमा तोकिएको दिनमा सो साक्षी अदालतमा उपस्थित हुनुपर्छ। | |

| | | |
|---|---|---|
| **कर्मचारी खटाई साक्षी बुझ्ने कार्यविधि** | • शारीरिक अस्वस्थताका कारणले उपस्थित हुन नसक्ने साक्षीलाई बुझिपाऊ भनी पक्षले निवेदन दिए निज बस्ने ठाउमा नै गई बुझ्न सकिन्छ।<br>• त्यसरी बुझ्नको लागि कुनै पक्षले निवेदन दिएमा र व्यहोरा मनासिब देखिएमा साक्षी बुझ्नको लागि ईजलासले आदेश दिन सक्छ।<br>• यसरी आदेश भएकोमा साक्षी बस्ने ठाँउमा न्यायाधीश आफैं गई वा कर्मचारी खटाई साक्षी बुझ्ने काम गर्नुपर्छ।<br>• त्यसरी जाँदा लाग्ने खर्च निवेदन दिने पक्षले व्यहोर्नु पर्छ। | दफा १८१ |
| **श्रव्य-दृष्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी परीक्षण** | • अति वृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने कारण देखाई त्यस्तो साक्षीको श्रव्य—दृश्य सम्वादको माध्यमबाट साक्षी परीक्षण गराईपाउँ भनी कुनै पक्षले दिएको निवेदन व्यहोरा मनासिब लागेमा त्यस्ता साक्षीको श्रव्यदृश्य संवादको माध्यमबाट परीक्षण गर्न आदेश दिन सकिन्छ।<br>• यसरी आदेश भएमा सम्बन्धित पक्षले श्रव्य—दृश्य सम्वादबाट साक्षी परीक्षण गर्नको लागि अदालतबाट तोकिएको दिन र ठाउँमा त्यस्ता साक्षीलाई उपस्थित गराउनु पर्छ ।<br>• त्यसरी उपस्थित भएको साक्षीलाई अदालतमा उपस्थित भएको साक्षी सरह मानी परीक्षण गर्नु वा गराउनु पर्छ ।<br>• साक्षी परीक्षण गराउँदा श्रव्य—दृश्य सम्वादबाट भएको साक्षीको बकपत्र र श्रव्यदृश्य सम्वादको व्यहोरा लेखवद्ध गरी अभिलेख गर्नु पर्छ ।<br>• श्रव्यदृश्य सम्वाद मार्फत साक्षी बुझेको अभिलेखको तोकिए बमोजिम मुचुल्का गराउनु पर्छ।<br>• साक्षी परीक्षण गर्दा वा गराउँदा लागेको खर्च श्रव्य—दृश्य सम्वाद मार्फत साक्षी परीक्षण गराउन निवेदन दिने पक्षले व्यहोर्नु पर्छ । | दफा १८२ . |

| | | |
|---|---|---|
| **तोकिएको दिनमा नैं साक्षी परीक्षण गर्नु पर्ने** | • कर्मचारी खटाई साक्षी बुझ्ने र श्रव्यदृष्य मार्फत साक्षी बुझ्ने अवस्था बाहेक पक्षलाई तोकिएको तारिखमा नै साक्षी परीक्षण गर्ने दिन तोक्नु पर्छ।<br>• साक्षी परीक्षण गर्न तोकिएको तारिखका दिनमा नै अदालतमा उपस्थित भएका सम्पूर्ण साक्षीहरूको परीक्षण गरिसक्नु पर्छ।<br>• एकै दिन सम्पूर्ण साक्षीहरूको परीक्षण गर्न समय अभावको कारणले नभ्याउने भएमा कारण खुलाई त्यसको भोलिपल्ट साक्षी परीक्षण गर्ने गरी साक्षी तथा पक्षहरूलाई तारिख तोक्नु पर्छ ।<br>• साक्षी परीक्षण गर्दा साक्षीले व्यक्त गरेको कुराको बकपत्र तयार गरी निजको सहीछाप गराई अभिलेख गर्नु पर्छ। | दफा १८३,<br>दफा १८६ |
| **शपथ लिनु पर्ने** | • साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा सत्य कुरा व्यक्त गर्ने कुराको उद्घोषण गरी न्यायाधीश समक्ष तोकिएको ढाँचामा शपथ लिनु पर्छ। | दफा १८४ |
| **साक्षी परीक्षण न्यायाधीशले गर्नु पर्ने** | • साक्षी परीक्षण न्यायाधीश आफैले ईजलाशमा गर्नु पर्छ।<br>• साक्षी परीक्षण गर्दा र बकपत्र अभिलेख गर्दा न्यायाधीशले आवश्यक पर्ने कर्मचारीको सहायता लिन सक्छन्। | दफा १८५ |
| **बकपत्र प्रमाणित गर्ने** | • साक्षी परीक्षण गर्दा मुद्दामा खुलाउनु पर्ने विषयको प्रश्न सोधी त्यस्तो प्रश्न, साक्षीले दिएको जवाफ र जिरह भएको भए त्यसको विवरण बकपत्रमा खुलाउनु पर्छ ।<br>• जिरह र पुन सोधपुछ समाप्त भएपछि साक्षीलाई कुनै कुरा व्यक्त गर्न बाँकी भए नभएको सोधी बाँकी भए त्यस्तो कुरा समेत बकपत्रमा खुलाउनु पर्छ।<br>• साक्षीको बकपत्र गराउँदा साक्षीलाई अनुचित, असम्बद्ध वा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नु पर्नेछ ।<br>• बकपत्रको कागजमा साक्षी, मुद्दाका पक्ष र वकपत्रमा समावेश हुने कानून व्यवसायीको समेत सहीछाप गराई न्यायाधीशले प्रमाणित गर्नु पर्छ<br>• बकपत्रको कागजमा साक्षी, मुद्दाका पक्ष र वकपत्रमा समावेश हुने कानून व्यवसायी मध्ये कसैले वा सबैले सहीछाप गर्न ईन्कार गरेमा सोही व्यहोरा | दफा १८७<br>देकानि ३० |

| | | |
|---|---|---|
| | उल्लेख गरी साक्षी परीक्षण गर्ने न्यायाधीशले त्यस्तो कुरा प्रमाणित गरी मिसिल सामेल राख्नु पर्छ।<br>• बकपत्रको ढाँचा देवानी कार्यविधि संहिताको अनुसूची १७ मा तोकिएको छ। | |
| **कैफियत खुलाई प्रमाणित गर्नु पर्ने** | • साक्षी परीक्षण गर्दा सम्बन्धित साक्षीले न्यायाधीशद्वारा सोधिएको प्रश्नको जवाफ नदिएमा, दिन ईन्कार गरेमा वा जुन प्रश्नको जवाफ खोजिएको हो सोको जवाफ नदिई असम्बन्धित विषयको जवाफ दिएमा न्यायाधीशले सोको कैफियत खुलाई प्रमाणित गर्नु पर्छ। | दफा १८८ |
| **बन्द सवाल** | • परिक्षण गर्नुपर्ने साक्षी अर्को जिल्लाको वासिन्दा भई निजको शारीरिक अवस्थाको कारणले निजलाई मुद्दा रहेको अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकिने कुरा उल्लेख गरी बन्द सवाल मार्फत परीक्षण गराउन सम्बन्धित पक्षले निवेदन दिएमा र व्यहोरा मनासिब देखिएमा बन्द सवाल मार्फत साक्षी परीक्षण गराउन ईजलासले आदेश दिन सक्छ।<br>• बन्द सवाल मार्फत साक्षी परीक्षण गराउनु परेमा त्यस्तो साक्षीलाई सोध्नु पर्ने प्रश्नहरू देवानी कार्यविधि संहिताको अनुसूची–१८ को ढाँचामा तयार गरी न्यायाधीशबाट प्रमाणित गराई साक्षी रहे बसेको जिल्लाको जिल्ला अदालतमा बन्द सवाल पठाउनु पर्छ र त्यस्तो सवाल विद्युतीय माध्यमबाट समेत पठाउन सकिन्छ।<br>• बन्द सवालमा उपस्थित नहुने कुनै पक्षले आफूले साक्षीसँग सोध्न चाहेको प्रश्नहरु समावेश गरियोस भनी कारण खुलाई अदालतमा निवेदन दिन सक्छ ।<br>• अदालतले त्यस्तो प्रश्न बन्दसवालमा समावेश हुनु मनासिब देखेमा सोही बमोजिम बन्दसवालको प्रश्न तयार गर्नुपर्छ ।<br>• बन्द सवाल गराउने आदेश भएमा मुद्दाका पक्षहरूलाई सोही बमोजिम बन्द सवाल गराउने अदालतमा उपस्थित हुन तारिख तोकी त्यसको जानकारी सो अदालतलाई दिनु पर्छ।<br>• बन्द सवाल प्राप्त भएमा सो प्राप्त गर्ने अदालतले उपस्थित गराईएको साक्षीलाई आफ्नो अदालतमा मुद्दा परे सरह कार्यविधि पूरा गरी बन्द | दफा १८९<br>देकानि ३३ |

| | | |
|---|---|---|
| | सवालका प्रत्येक प्रश्नको जवाफको बकपत्र तयार गरी त्यस्तो बकपत्रको कागजमा आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो व्यक्तिको सहिछाप गराई ३ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ।<br>• बन्द सवाल गर्नु पर्ने व्यक्ति हाजिर नभएमा बन्दसवाल प्राप्त गर्ने अदालतले सोही व्यहोरा उल्लेख गरी बन्द सवाल पठाउने अदालतमा फिर्ता पठाउनु पर्छ।<br>• बन्द सवालको कारवाही सम्पन्न भएपछि वन्द सवाल गराउने अदालतले मुद्दाका पक्ष वा वारिसलाई तारिख तोकी हाजिर हुन मुद्दा परेको अदालतमा फिर्ता पठाउनु पर्छ। | |
| **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्ने** | • कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा **निम्न अवस्था हुने देखिएमा** त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा हुलिया गोप्य राख्न पक्षले अदालतमा अनुरोध गर्न सक्दछः<br>- त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा ईज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने,<br>- निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने,<br>- निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने।<br>• पक्षले त्यस्तो अनुरोध गरेमा अदालतले निवेदन बमोजिम नाम, थर, वतन वा परिचय गोप्य राख्ने आदेश दिन सक्छ।<br>• त्यसरी गोप्य राखिएको ब्यक्तिको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा निजको परिचय सो मुद्दाको सुनुवाई गर्दा वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत आदेश बमोजिम गोप्य नाम, थर, वतन वा परिचय राखी प्रकाशन गर्नु पर्छ। | दफा २७६ |
| **अनुवादकको सहयोग लिन सक्ने** | • नेपाली भाषा नबुझ्ने पक्ष वा साक्षीको बयान वा बकपत्र गराउँदा वा अन्य कुनै कार्य गर्दा सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सकिन्छ।<br>• त्यस्तो सहयोग लिंदा भएको खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्छ। | दफा २७४ |

# ७. मुद्दाको सुनुवाई र फैसला

मुद्दाका पक्षबाट फिराद तथा प्रतिउत्तरपत्र दर्ता भई सकेपछि निजहरूबाट पेश भएका लिखत तथा साक्षी प्रमाणको परीक्षण गर्ने र विबादको टुङ्गो लगाउदा अदालतले अपनाउने प्रक्रियालाई सुनुवाई भनिन्छ। अर्को शव्दमा सुनुवाई मुद्दामा दुवै पक्षको कुरा सुनी निर्णयमा पुग्ने प्रकृया हो। अदालतमा मुद्दा कारवाहीको क्रममा हुने सुनुवाई स्वच्छ, निश्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने न्यायिक मान्यताका आधारमा सुनुवाई प्रक्रियाको माध्यमबाट निर्णयमा पुग्ने गरिन्छ।

मुद्दाको विवादित विषयवस्तुका सम्वन्धमा सम्वद्ध साक्षी प्रमाण बुझेपछि न्याय निरोपणका लागि दुवै पक्षका तर्फबाट बहस जिकीर तथा छलफल सुनी बादी दाबी वा प्रतिदाबी पुग्न सक्ने वा नसक्ने निष्कर्षसहित गरिएको न्यायाधीशको न्यायिक घोषणालाई फैसला भनिन्छ। मुद्दा खारेज भएमा पक्षहरूका बीच मिलापत्र भएमा वा निवेदनपत्र र पुनरावेदनपत्र फिर्ता र मुद्दा डिसमिस तथा तामेलीमा राख्ने कार्यलाई समेत मुद्दाको कारवाहीको टुङ्गो लागेको भनिन्छ। त्यसरी फैसला, खारेज वा मिलापत्र भएको, मुद्दा फिर्ता लिएको र डिसमिस तथा तामेलीमा राखिएको आधार कारण खोली संक्षिप्त रुपमा रायकितावमा लेखी अदालतले सोको अभिलेखिकरण गर्नु पर्दछ। सुनुवाई प्रक्रिया र फैसलाका सम्वन्धमा देवानी कार्यविधि संहिता तथा देवानी कार्यविधि नियमावलीमा देहाय बमोजिम ब्यबस्था गरिएको छ।

## ७.१ प्रारम्भिक सुनुवाई

| विषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **हकदैया, हदम्याद र अधिकारक्षेत्र सम्वन्धी जिकिर** | **प्रतिबादीले प्रतिउत्तरपत्र पेश गर्दा देहायको जिकिर लिन सक्दछः**<br>• बादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको,<br>• फिरादपत्र हदम्यादभित्र दायर नभएको,<br>• फिरादपत्र दर्ता भएको अदालतलाई अधिकारक्षेत्र नभएको | दफा १३१ |
| **प्रारम्भिक सुनुवाई** | • प्रतिउत्तरपत्र दिँदा हकदैया, हदम्याद र क्षेत्राधिकार नभएको भनी जिकिर लिएमा प्रमाण बुझ्ने लगायतका अन्य कारवाही गर्नु भन्दा अघि सो विषयको निरुपणका लागि पेशी तारेख तोकी मुद्दाको **प्रारम्भिक सुनुवाई** गर्नु पर्छ।<br>• प्रतिबादीले प्रतिदावी लिएको अवस्थामा बादीबाट लिखित प्रतिबाद | दफा १३२<br>देकानि २३ |

| | | |
|---|---|---|
| | परेपछि वा पर्ने अवधि ब्यतित भएपछि मात्र प्रारम्भिक सुनुवाईको लागि पेशी तारिख तोक्नु पर्छ।<br>• बादी प्रतिबादीको तारिख मिलान भएपछि अर्को तारिखको दिन प्रतिबादीले जिकीर लिएको विषयमा सिमीत रही प्रारम्भिक सुनुवाई गर्नुपर्छ।<br>• यसरी प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद र क्षेत्राधिकार नभएको भन्ने जिकीर मनासिव नदेखिएमा कानून बमोजिम सो मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्नुपर्छ। | |
| **मुद्दा खारेज भएमा कारबाही अन्त्य हुने** | • प्रारम्भिक सुनुवाई गर्दा हकदैया नभएको, हदम्यादभित्र मुद्दा दायर नभएको वा अधिकारक्षेत्र नरहेको देखिएमा त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नुपर्छ।<br>• त्यस्तो फैसला भएमा सो मुद्दाको कारबाही अन्त्य हुन्छ। | दफा १३३ |
| **हकदैया, हदम्याद र अधिकारक्षेत्रको पुनः जिकिर लिन नपाईने** | • प्रारम्भिक सुनुवाईबाट हकदैया, हदम्याद वा अधिकारक्षेत्र भएको भनी आदेश भएको अवस्थामा प्रतिबादीले त्यस मुद्दामा पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनको लागि निवेदन दिँदा सोही विषयमा पुनः जिकिर लिन पाउदैन र लिएपनि सुनुवाई हुँदैन,<br>• प्रारम्भिक सुनुवाईबाट भएको आदेश वा फैसलामा चित्त नबुझ्ने पक्षले सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन वा पुरावेदन गर्न सक्दछ। | दफा १३४ |
| **७.२ अन्तर्कालिन आदेश** | | |
| **अन्तर्कालीन आदेश जारी गर्न निवेदन दिन सक्ने** | • मुद्दा कारवाहीको सिलसिलामा हुने निर्णय वा फैसला बाहेकका कार्यविधिगत आदेश वा मुद्दामा असर पर्ने कुनै काम कारवाही तत्काल रोक्ने वा यथास्थितिमा राख्ने गरी भएको अन्य आदेशलाई अन्तर्कालीन आदेश भनिन्छ।<br>• मुद्दाको पक्षले अन्तरकालिन आदेशको माग गरी निम्न अवस्थामा निवेदन दिन सक्दछः | दफा १५६ |

| | | |
|---|---|---|
| | ✓ मुद्दाको कारबाहीको सिलसिलामा विपक्षीको कुनै काम कारबाही **तत्काल नरोकेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा,<br>✓ विपक्षीले **कुनै कार्य तत्काल नगरेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा,<br>✓ मुद्दाको माग दाबीका सम्बन्धमा **कुनै विषय यथास्थितिमा नराखेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा,<br>• अन्तर्कालीन आदेश जारी गर्न उपयुक्त देखिएमा अदालतले त्यसको कारण खुलाई आदेश गर्नुपर्छ।<br>• एकपक्षको निवेदनको आधारमा जारी गरिएको अन्तर्कालीन आदेश बदर गर्न सोही अदालतमा अर्को पक्षले निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन परेमा दुवै पक्षको सुनुवाई गरी सो आदेश बदर गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नुपर्छ।<br>• त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सक्दछ। | |
| **अन्तर्कालीन आदेश उपर निवेदन दिन सक्ने** | • देहायका आदेश उपर चित्त नबुझ्ने पक्षले आदेश भएको मितिले १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्दछः<br>- मुद्दाका पक्षलाई तारिखमा राखेको वा निजबाट जमानत वा अदालती शुल्क लिएको,<br>- मुद्दा दर्ता गर्न नमिल्ने भनी अधिकृतले गरेको दरपीठको आदेश उपर न्यायाधीश समक्ष उजुर गरेकोमा सो आदेश सदर भएको,<br>- प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद वा अधिकारक्षेत्र सम्बन्धी विषय निरुपण गरी आदेश गरेको,<br>- मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश गरेको। | दफा १५७<br>देकानि २७ |

| | | |
|---|---|---|
| | • तल्लो अदालतको कामकारवाहीमा म्याद नाघेको वा मुद्दामा कानून बमोजिम गर्नु पर्ने कारबाही निर्धारित अवधिभित्र नगरी बेरीत भएको भनी मुद्दाका पक्षले सो काम कारबाही बदर गराउन पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्दछ।<br>• यसरी परेका निवेदनका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतले सम्बन्धित अदालतबाट प्रतिवेदन लिई वा मिसिल झिकाई सुनुवाई गरी  सामान्यतया १ महिना भित्र फछ्र्यौट गर्नुपर्छ।<br>• तल्लो अदालतले गरेको आदेश वा काम कारबाही वेरीतको वा म्याद नाघेको देखिएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो आदेश बदर गर्न, रद्द गर्न वा कानून बमोजिम उपयुक्त आदेश गर्न सक्दछ। | |

## ७.३ पूर्व सुनुवाई छलफल

| | | |
|---|---|---|
| **पूर्व—सुनुवाई छलफल** | • मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न बादी र प्रतिबादीवीच पूर्व सुनुवाई छलफल हुन उचित लागेमा त्यसको कारण खोली त्यस्तो छलफल गर्ने ईजलासले आदेश दिन सक्छ।<br>• त्यस्तो आदेश भएमा अदालतले त्यस प्रयोजनको लागि पक्षहरूलाई तारिख तोकी छलफलमा सामेल गराउनुपर्छ।<br>• पूर्व सुनुवाई छलफलको लागि पेशी तारिख तोक्दा मुद्दामा वारिस तारिखमा रहेको भए सकभर मुद्दाका पक्षलाई नै उपस्थित गराउने गरी तारिख दिनु पर्नेछ।<br>• त्यस्तो छलफलमा बादी, प्रतिबादी तथा निजका कानून व्यवसायी उपस्थित हुन सक्दछन्।<br>• पूर्व सुनुवाई छलफलको लागि तारिख तोकिएका मुद्दाहरुको छुट्टै रजिष्ट्रर खडा गरी अभिलेख राख्नु पर्छ ।<br>• पूर्व सुनुवाई छलफलमा देहायका विषयमा छलफल गर्न सकिन्छः<br>✓पक्षहरुको वीचमा कुरा मिलेको र नमिलेको बिषय पहिचान गरी | दफा १९१<br>देकानि ३४ |

| | | |
|---|---|---|
| | ठहर गर्नु पर्ने विषय यकिन गर्ने,<br>✓ठहर गर्नुपर्ने विषयमा थप प्रमाणहरु बुझ्नु पर्ने देखिएमा सो यकिन गरी बुझ्ने,<br>✓बाँकी कार्य सम्पन्न गर्नका लागि कार्यतालिका संशोधन गर्ने,<br>✓विवाद समाधानका लागि मेलमिलाप प्रक्रियामा पठाउने,<br>✓आवश्यक देखिएका अन्य विषयमा छलफल गर्ने ।<br>• सो छलफलमा बादी र प्रतिबादीले आफ्नो दाबी वा प्रतिवादलाई समर्थन वा खण्डन गर्ने प्रमाण पेश गर्न तथा ठहर गर्नु पर्ने विषय यकिन गर्न आफ्नो दाबी वा जिकिर पेश गर्न सक्दछन्।<br>• पूर्व सुनुवाई छलफल आवश्यकता अनुसार अदालतको हाता भित्रका अदालत भवनको अन्य उपयुक्त कक्षमा समेत गर्न सकिन्छ ।<br>• उल्लेखित पूर्वसुनुवाई छलफल गराएकोमा अदालतले त्यसको अभिलेख देवानी कार्यविधि नियमावलीको अनुसूची -९ बमोजिमको ढाँचामा तयार गरी मिसिल संलग्न गर्नुपर्छ।<br>• पूर्व सुनुवाई छलफलबाट मुद्दामा ठहर गर्ने विषय, बुझ्नु पर्ने प्रमाण र मुद्दाको कारबाहीका सम्बन्धमा पक्षहरूबीच सहमति नभएमा थप प्रमाण बुझी मुद्दाको कारबाही र किनारा गर्न सकिन्छ। | |

## ७.४ अन्तिम सुनुवाई

| विषय | कार्यविधि | सम्बन्धित कानून |
|---|---|---|
| **कुरा मिलेको विषयमा फैसला गर्न सक्ने** | • प्रतिउत्तरपत्र दाखिला भएपछि तोकिएको तारिखमा बादी र प्रतिबादीको रोहबरमा फिरादपत्र, प्रतिउत्तरपत्र तथा पेश भएका लिखतहरू अध्ययन गरी कुनै कुरा अस्पष्ट भए दुवै पक्षसँग सोधपुछ गर्नुपर्छ।<br>• यसरी अध्ययन र सोधपुछ पछि वादी प्रतिवादीको कुरा मिले वा नमिलेको विषयमा यकिन गर्नुपर्छ।<br>• प्रतिबादीले बादीको दाबी स्वीकार गरी दुवै पक्षको कुरा मिलेको देखिएमा | दफा १९० |

| | | |
|---|---|---|
| | त्यसै बखत फैसला गर्न सकिन्छ। | |
| **मुद्दाका पक्षसँग जहिलेसुकै सोध्न सकिने** | • फैसला गर्नुअघि न्यायाधीशले वादी प्रतिवादीसँग मुद्दाको कुनै विषयमा जहिलेसुकै पनि आदेश दिई सोध्न हुन्छ।<br>• त्यसरी सोध्दा मुद्दाका पक्षले दिएको जवाफ मिसिलमा संलग्न गर्नुपर्छ। | दफा २७५ |
| **प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि सुनुवाई गर्नु पर्ने** | • प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि अदालतले सामान्यतया १ महिनाभित्र मुद्दाको सुनुवाई गरी निर्णय गर्नुपर्छ।<br>• सुनुवाई गर्दा मुद्दाका पक्षहरूले आफैं वा कानून व्यवसायी वा वारिस मार्फत आफ्नो दाबी वा प्रतिरक्षाको लागि बहस पैरवी गर्न सक्दछन्।<br>• सुनुवाई गर्दा मुद्दामा थप कुराहरू स्पष्ट गर्नका लागि लिखित बहस नोट पेश गर्न अदालतले आदेश दिएमा आफैंले वा आफ्नो कानून व्यवसायी वा वारिसले अदालतद्वारा तोकिएको अवधिभित्र लिखित बहस नोट पेश गर्नुपर्छ। | दफा १९२ |
| **सुनुवाई गर्दा पक्षलाई रोहबरमा राख्नुपर्ने** | • मुद्दाको सुनुवाई गर्दा वा निर्णय गर्नु पर्ने विषय ठहर गर्दा पक्षहरूलाई रोहबरमा राख्नुपर्छ।<br>• सुनुवाईका लागि तोकिएको तारिखका दिन कुनै पक्ष अनुपस्थित भएमा पनि मुद्दाको निर्णय गर्न हुन्छ। | दफा २६९ |
| **सुनुवाई गर्दा खुला ईजलासमा गर्नुपर्ने** | • अदालतले मुद्दाको सुनुवाई खुला ईजलासमा गर्नुपर्छ।<br>• पक्षले बन्द ईजलासबाट सुनुवाई हुन दिएको निवेदन मनासिव देखिए वा ईजलासले नै त्यसरी सुनुवाई गर्न मनासिव ठहराएमा निम्न मुद्दामा बन्द ईजलासमा सुनुवाई गर्न आदेश दिनुपर्छः<br>- पारिवारिक सम्बन्ध,<br>- नाता कायम,<br>- विवाह,<br>- सम्बन्ध विच्छेद,<br>• बन्द ईजलासबाट सुनुवाई गर्ने आदेश भएकोमा त्यस्तो ईजलासमा मुद्दाका | दफा २६८ |

| | | |
|---|---|---|
| | पक्ष वा निजको वारिस, पक्षबाट नियुक्त भएका कानून व्यवसायी, न्यायाधीशले आदेश दिएका व्यक्ति वा कर्मचारी बाहेक अन्य व्यक्तिको प्रवेश गर्न दिनु हुँदैन।<br>• अदालतले मनासिव देखेमा सार्वजनिक सुरक्षाको कारणबाट कुनै व्यक्तिलाई ईजलासमा प्रवेश गर्न रोक लगाउन सक्दछ। | |
| **मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने** | • देहायका मुद्दामा प्रतिउत्तर परेपछि वा पर्ने अवधि समाप्त भएपछि लगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछ ।<br>○ मानाचामल सम्बन्धी मुद्दा,<br>○ नाता कायम सम्बन्धी मुद्दा,<br>○ जेष्ठ नागरिक र बालबालिका बादी भएको अंश मुद्दा,<br>○ नाबालकसँग भेटघाट गराइ पाऊँ भन्ने मुद्दा,<br>○ नावालक जिम्मा लगाई पाऊँ भन्ने मुद्दा,<br>○ धर्मपुत्र-धर्मपुत्री भेटघाट सम्बन्धी मुद्दा,<br>○ संरक्षक माथवर नियुक्ति सम्वन्धी मुद्दा,<br>○ बालबालिकाको हेरचाहा स्याहार संभार सम्बन्धी मुद्दा,<br>○ मातृत्व र पितृत्व निर्धारण सम्बन्धी मुद्दा,<br>○ मातृक तथा पैतृक अख्तियारी संवन्धी मुद्दा,<br>○ सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरु ।<br>• लगातार कारबाही र सुनुवाई नहुने मुद्दासँग लगाउमा रहेको भए त्यस्तो मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने छैन ।<br>• लगातार कारबाही र सुनुवाई हुने मुद्दाको पेशी तोक्दा इजलासको आदेश अनुसार गर्नु पर्छ ।<br>• यस्ता मुद्दाहरूमा अदालतले तोकेको दिनमा पक्षले आफ्ना साक्षी प्रमाण पेश गर्नु पर्छ । | देकानि ३६ |
| **मिलापत्र गर्न मौका दिनुपर्ने** | • मुद्दामा मिलापत्र गर्न चाहेमा पक्षहरूले जहिलेसुकै संयुक्त निवेदन दिन सक्छन्।<br>• त्यस्तो निवेदन परेमा निवेदनको व्यहोरा, त्यसको मतलब र परिणाम | दफा १९३ |

| | | |
|---|---|---|
| | सम्बन्धित पक्षहरूलाई सुनाउनु पर्छ।<br>• त्यसरी सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा अदालतले मिलापत्रको ३ प्रति मस्यौदा तयार गराउनुपर्छ।<br>• पक्षहरू मिलापत्र गर्न सहमत भएमा मिलापत्रमा दुवै पक्षहरूको सहीछाप गराई न्यायाधीशले प्रमाणीकरण गरी १ प्रति सम्बन्धित मिसिलमा राखी बादी र प्रतिबादीलाई १/ १ प्रति दिनुपर्छ।<br>• मिलापत्र बमोजिमको काम नभएको भन्ने विषयमा बाहेक मिलापत्रमा चित्त बुझेन भनी पछि उजुर लाग्दैन।<br>• मिलापत्र बमोजिम दाखिल खारेज, नामसारी, दर्ता, रजिष्ट्रेशन वा कित्ताकाट गर्नुपर्ने रहेछ भने मिलापत्र भएको ३ दिनभित्र सो कार्य गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्छ। | |
| **मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न सक्ने** | • मुद्दा जुनसुकै तहको अदालतमा भएपनि मेलमिलापद्वारा समाधान गर्न चाहेमा पक्षहरूले संयुक्त निवेदन दिन सक्छन्।<br>• त्यसरी निवेदन दिएकोमा न्यायाधीशले त्यस्तो मुद्दा मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न उपयुक्त देखेमा सोको लागि आदेश दिनुपर्छ।<br>• पक्षहरूले निवेदन नदिएपनि अदालतलाई उपयुक्त लागेमा र पक्षहरू सहमत भएमा अदालतले मेलमिलापको माध्यमबाट त्यस्तो मुद्दाको समाधान गर्न आदेश दिन सक्दछ।<br>• पक्षलाई मेलमिलापमा पठाउने आदेश भएकोमा कानून बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ गर्नु पर्दछ।<br>• पक्षहरूवीच मेलमिलाप हुने भएमा सो व्यहोरा उल्लेख गरी अदालतमा निवेदन दिनुपर्छ।<br>• सो बमोजिम निवेदन प्राप्त भएमा अदालतले पक्षहरू बीच मिलापत्र गराई दिनुपर्छ।<br>• यसरी मेलमिलापको प्रक्रियाबाट मिलापत्र हुने भएमा मिलापत्र गराउँदाको | दफा १९४ |

| | | |
|---|---|---|
| | अन्य कार्यविधि समेत अवलम्बन गर्नुपर्छ।<br>• मेलमिलापको प्रक्रियाबाट मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नुपर्छ। | |
| **मिलापत्र वा मेलमिलाप हुन नसक्ने** | • निम्न मुद्दाहरू मिलापत्र वा मेलमिलाप हुन सक्दैनन्:<br>- नेपाल सरकार बादी भई चलेको मुद्दा र<br>- सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा<br>• तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न हुन्छ। | दफा १९५ |
| **दाबी फिर्ता लिन सक्ने** | • नेपाल सरकार बादी हुने बाहेकका मुद्दामा निम्न कारण देखाई पक्षले फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्रको दाबी फिर्ता गर्न निवेदन दिन सक्दछन्;<br>- आफूले लिएको दाबी त्याग गरेको,<br>- आफ्नो दाबी सावित गर्न नसक्ने,<br>- दाबीको प्रयोजन समाप्त भएको।<br>• सो बमोजिम निवेदन परेमा फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिन अनुमतिको आदेश दिई सो मुद्दाको लगत कट्टा गर्नु पर्छ।<br>• यसरी फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिने व्यक्तिले विपक्षी बनाईएका व्यक्ति उपर सोही विषयमा पछि उजुर गर्न पाउँदैन। | दफा १९६ |
| **मुद्दाको टिपोट** | • कुनै मुद्दा पेशीमा चढाउनु अगावै सम्बन्धित शाखाले मिसिल सामेल रहेका सम्पूर्ण तथ्यहरू र बुझिएका प्रमाण तथा ठहर गर्नु पर्ने विषय यकिन गरी टिपोट तयार गरी मिसिल सामेल राख्नुपर्छ।<br>• मुद्दाको टिपोट सम्बन्धित फाँटवालाले तयार गरी माथिल्लो तहको अधिकारीबाट प्रमाणित गराई टिपोटको विद्युतीय प्रति समेत अध्यावधिक गर्नु पर्छ।<br>• मुद्दाको टिपोटमा व्यक्तिगत राय वा मुद्दामा प्रभाव पर्ने कुनै कुरा लेख्न पाइदैन। | दफा १९७<br>देकानि ३५ |

| | | |
|---|---|---|
| **फैसला तथा सुचना प्रकाशन** | • मुद्दाको सुनुवाई सम्पन्न भएपछि सामान्यतया सोही दिनमा नै फैसला गरी राय किताबमा अभिलेख गर्नुपर्छ।<br>• बहस नोट दाखिला गर्न अदालतबाट आदेश भएकोमा बहस नोट प्राप्त भएको मितिले ७ दिनभित्र फैसला गर्नुपर्छ।<br>• जटिल कानूनी वा तथ्यगत प्रश्न समावेश भएको मुद्दामा सोही दिन ठहर गर्न नसकिने भए कुन कानूनी वा तथ्यगत जटील प्रश्न समावेश भएको हो सो को कारण खुलाई बढीमा १५ दिनभित्र निर्णय सुनाउने दिनको तारिख तोक्न सकिन्छ।<br>• एउटै मिसिलबाट गर्नुपर्ने काम मध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भनी फैसला गर्न हुँदैन ।<br>• मुद्दा फैसला भई राय किताबमा लेखिएको निर्णयको व्यहोरा मुद्दाका पक्ष वा निजको कानून व्यवसायीले लिन माग गरेमा त्यस्तो व्यहोरा प्रमाणीकरण गरी उपलब्ध गराउनु पर्नुपर्छ।<br>• एकतर्फी फैसला भएकोमा फैसला प्रमाणीकरण भएको मितिले ३० दिनभित्र मुद्दामा अनुपस्थित पक्षको जानकारीको लागि निजको ठेगानामा सूचना जारी गरी तामेल हुन नसके राष्ट्रिय स्तरका दैनिक पत्रिकामा फैसला भएको सूचना प्रकाशन गर्नु पर्छ।<br>• त्यस्तो सूचना सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपरछ।<br>• त्यसरी सूचना प्रकाशन गर्दा लागेको खर्च मुद्दामा हाजिर भएको सम्बन्धित पक्षले तिर्नुपर्छ। | दफा १९७, २८२<br>देकानि ३७ |
| **फैसलाको ढाँचा** | • फैसला भएको २१ दिनभित्र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१९ बमोजिमको ढाँचामा फैसला तयार गर्नुपर्छ।<br>• सो फैसला तयार गरिएको मिति उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्छ। | दफा १९८ |

| | | |
|---|---|---|
| | • यसरी प्रमाणीकरण भएका फैसलाको विवरण अदालतको सूचना पाटीमा प्रत्येक हप्ता टाँस गरी वेभसाईटमा समेत राख्नुपर्छ। | |
| **फैसला संशोधन** | • न्यायाधीशले फैसला प्रमाणीकरण गरेपछि ईन्साफमा फरक नपर्ने गरी सामान्य त्रुटि सच्याउने बाहेक कुनै संशोधन गर्न हुँदैन।<br>• **"सामान्य त्रुटि"** भन्नाले ठहर गरिएको विषय र ईन्साफमा फरक नपर्ने गरी फैसलामा भएका अङ्क र अक्षरमा भएको फरक, बादी, प्रतिबादी वा साक्षीको नाम, थर, ठेगानामध्ये कुनै एकको उल्लेखनको त्रुटि, छपाई वा प्रिन्टिङ्गमा भएका साना तिना त्रुटि सम्झनु पर्छ। | दफा १९९<br>देकानि ३९,४० |
| **फैसला सुनिपाएको कागज गराउने** | • फैसला भएपछि हाजिर रहेको पक्षलाई फैसला सुनाई सुनि पाएको कागज गराई मिसिल सामेल राख्नुपर्छ।<br>• पक्ष हाजिर नरहेकोमा निजको वारिस भए वारिसलाई फैसला सुनिपाएको कागज गराउनु पर्छ।<br>• फैसला सुनाउँदा अनुपस्थित पक्षलाई फैसला तयार भएको ३ दिनभित्र देवानी कार्यविधि संहिताको अनुसूची—२० बमोजिमको ढाँचामा पुनरावेदन लाग्ने भएमा रीत पूर्वक पुनरावेदनको म्याद र पुनरावेदन नलाग्ने भएमा फैसला भएको सूचना तामेल गर्न पठाउनु पर्छ।<br>• अभिलेख शाखमा मिसिल बुझाउँदा सम्बन्धित फाँटले त्यस्ता म्याद वा फैसला भएको सूचनाको तामेली प्रति मिसिल संलग्न गरेर मात्र बुझाउनु पर्छ ।<br>• अभिलेख शाखाले मिसिल बुझ्दा त्यस्ता म्याद वा सूचनाको तामेली प्रति मिसिल संलग्न भए नभएको जाँच गरेर मात्र बुझ्नु पर्छ।<br>• फैसला सुनाउँदा मुद्दाको पक्ष आफै, निजको वारिस वा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ भने मुद्दाको पक्ष उपस्थित भएको मानिन्छ। | दफा २००<br>देकानि४१ |
| **डिसमिस फैसला** | • तारिखका दिन मुद्दाको कुनै पक्ष अनुपस्थित भई तारिख गुजारी कानून बमोजिम थमाउन पाउने अवधि समाप्त भएपछि देहायका कुरामा देहाय | दफा १४१ |

| | | |
|---|---|---|
| | बमोजिम डिसमिस फैसला गर्नुपर्छः<br>• प्रतिउत्तरपत्र पेश नहुँदै बादीले तारिख गुजारेमा फिराद दाबी डिसमिस गर्नु पर्छ,<br>• प्रतिउत्तरपत्र पेश भएपछि बादीले तारिख गुजारेमा प्रतिबादीले फिराद दाबी आंशिक वा पूरै स्वीकारेको देखिन आए सो हदसम्म ठहरे बमोजिम फैसला गरी बाँकी दाबी डिसमिस गर्नु पर्छ,<br>• प्रतिबादीले प्रतिउत्तर पेश नगरेमा वा प्रतिउत्तर पत्र पेश गरेपछि निजले तारिख गुजारेमा वादी प्रतिबादीले पेश गरेको प्रमाण बुझी त्यसको आधारमा ठहरेबमोजिम फैसला गर्नुपर्छ।<br>• फिरादपत्र दर्ता भएपछि वा प्रतिउत्तरपत्र पेश भएपछि बादी तथा प्रतिबादी दुवैले तारिख गुजारेमा त्यस्तो मुद्दा डिसमिस गर्नु पर्छ।<br>• यसरी मुद्दा डिसमिस भएकोमा सोही बादीको उही प्रतिबादी उपर सोही विषयमा अर्को फिराद दाबी लाग्न सक्दैन। | |
| **एकतर्फी फैसला** | • प्रतिबादीले प्रतिउत्तरपत्र पेश नगरेमा बादीबाट पेश भएको फिरादपत्र, प्रमाण बुझी त्यसको आधारमा ठहरे बमोजिम फैसला गर्नु पर्छ। | दफा १४१(१)(ग) |
| **तामेली** | • अंश मुद्दामा सम्पत्तिको फाँटवारी दिनु पर्ने ब्यक्तिले नदिएमा वा प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा र वादीले सम्पत्तिको फाँटवारी दिन नसकेमा सोही कुरा खुलाई बादीको कागज गराई पछि फाँटबारी दिएका बखत अंशबण्डा हुने गरी मुद्दा तामेलीमा राख्नुपर्छ। | देसं<br>दफा २२५ |
| **खारेजी फैसला** | • प्रारम्भिक सुनुवाई गर्दा फिरादपत्र हकदैया, हदम्याद र क्षेत्राधिकार बिहीन देखिएमा सो फिरादपत्र खारेज गर्नुपर्छ।<br>• त्यसैगरी अदालती शुल्क दाखिल नभएका मुद्दाहरू पनि खारेज गर्ने गरी फैसला गर्नुपर्छ। | देकासं दफा १३३, ७७ |

## ८. मुलतवी र स्थानान्तरण

कुनै अदालतमा विचाराधीन मुद्दासँग सार्थक सम्वन्ध राख्ने वा अन्तरप्रभावी भई निर्णयमा तात्विक असर पर्ने प्रकृतिको मुद्दा अर्को कुनै अदालतमा दायर भई कारवाहीयुक्त अवस्थामा रहेको र अर्को अदालतबाट त्यस्तो मुद्दा किनारा नभएसम्म आफ्नो अदालतमा रहेको मुद्दा किनारा गर्न नहुने वा गर्न नसकिने भएमा अर्को अदालतबाट सो मुद्दा किनारा नभएसम्म मुद्दा सुनुवाईको प्रकृयालाई स्थगन गरी यथास्थितिमा राख्ने कार्यलाई मुलतवी भनिन्छ । यसरी मुलतवी राख्दा आधार र कारण खोलि आदेश गरी सोको जानकारी अर्को अदालतलाई दिनु पर्छ। अर्को अदालतमा विचाराधिन रहेको त्यस्तो मुद्दा किनारा भएको जानकारी प्राप्त भएपछि मुलतवीमा रहेको मुद्दा जगाई कारवाही किनारा गर्नु पर्छ।

विशेष परिस्थितिमा माथिल्लो अदालतको आदेश बमोजिम कुनै एक अदालतमा दायर रहेको मुद्दा अर्को अदालतमा सारी कारवाही किनारा गर्ने कार्यलाई मुद्दा स्थानान्तरण भनिन्छ। नेपालको संविधान र देवानी कार्यविधि संहिताले सर्वोच्च अदालत र उच्च अदाललाई यसरी मुद्दा स्थानान्तरण गर्न सक्ने अधिकार प्रदान गरेको छ। मुद्दा मुलतवी तथा स्थानान्तरण सम्वन्धमा देहायबमोजिम उल्लेख गरिएको छ।

| **विषय** | **कार्यविधि** | **कानून** |
|---|---|---|
| **मुद्दा मुलतवी राख्ने** | **निम्न अवस्थामा कारण खुलाई मुद्दा मुलतवीमा राख्ने आदेश गर्न सकिन्छः**<br>- कुनै एक अदालतमा रहेको मुद्दाको किनारा नभई अर्को अदालतमा रहेको मुद्दाको किनारा हुन नसक्ने वा गर्न नहुने भएमा,<br>- एउटा मुद्दाको किनारा गर्दा अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने कारण देखाई कुनै पक्षले निवेदन दिएमा,<br>- कुनै मुद्दा मुलतबी राख्न आवश्यक देखिएमा।<br>• मुद्दा मुलतवी राखिएकोमा सो को जानकारी पक्षहरू र अर्को मुद्दा विचाराधीन रहेको अदालतलाई ३ दिन भित्र दिनुपर्छ।<br>• मुद्दा मुलतवी राख्ने आदेश भएकोमा तारेखमा रहेको पक्षलाई सोही दिन मुलतवी राख्ने आदेश सुनाई सो को निस्सा मिसिल सामेल राख्नु पर्छ। | दफा २०१<br>देकानि ४२ |

| | | |
|---|---|---|
| | • मुद्दा मुलतवी रहँदा अदालतको अनुमतिले तारेखमा नरहेको पक्षलाई आदेश भएको तीन दिनभित्र मुद्दा मुलतवी रहेको सूचना पठाउनु पर्छ।<br>• अर्को अदालतमा मुद्दा मुलतवी रहेको जानकारी प्राप्त भएमा आफ्नो अदालतमा विचाराधिन मुद्दा फैसला गरेको ३० दिनभित्र फैसलाको प्रतिलिपि सहित मुद्दा मुलतबी रहेको अदालतलाई जानकारी पठाउनु पर्छ।<br>• यसरी मुद्दा किनारा भएपछि पक्ष तारिखमा रहेको र मुद्दा मुलतबी रहेको अदालतमा तारिख तोक्नु पर्ने भए तारिख तोकी पठाउनु पर्छ।<br>• विभिन्न अदालतमा विचाराधीन रहेका मुद्दाहरूमध्ये कुन मुद्दा मुलतबी राख्ने भन्ने विषयमा अदालतहरू बीच फरक फरक राय भएमा त्यस्तो विषयमा सम्बन्धित अदालतको पुनरावेदन सुन्ने अदालतमा तुरुन्त प्रतिवेदन गर्नु पर्छ।<br>• त्यसरी प्रतिवेदन परेकोमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो विषयमा १ महिनाभित्र उपयुक्त आदेश गर्नुपर्छ र सो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नुपर्छ।<br>• मुलतबी राख्ने विषयमा फरक फरक राय भएका अदालतहरूको पुनरावेदन सुन्ने अदालत भिन्न भिन्न भएमा त्यस्तो विषयमा सर्वोच्च अदालतमा तत्काल प्रतिवेदन पेश गर्नुपर्छ।<br>• यसरी प्रतिवेदन परेकोमा सर्वोच्च अदालतले त्यस्तो विषयमा ३ महिनाभित्र उपयुक्त आदेश गर्नेछ र त्यस्तो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नुपर्छ।<br>• मुलतबीमा रहनु भन्दा अगाडि कायम रहेको दर्ता मितिलाई नै मुलतवीबाट जागेको मुद्दाको दर्ता मिति कायम गरी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ। | |
| **मुलतबी रहेको** | • मुलतबी राखिएको मुद्दा जगाउनु पर्ने भएमा मुद्दाको कुनै पक्षले | दफा २०२ |

| | | |
|---|---|---|
| **मुद्दा जगाउने** | आधार र कारण खुलाई अदालतमा निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन मनासिब देखिएमा अदालतले निवेदन माग बमोजिम मुलतबी रहेको मुद्दा जगाई सुनुवाई गर्नुपर्छ।<br>• पक्षको निवेदन नपरेपनि अर्को अदालतमा विचाराधीन मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुलतबी राख्नु पर्ने कारण नदेखिएमा मुलतवी रहेको मुद्दा तुरुन्त जगाई कारबाही गर्नुपर्दछ।<br>• मुद्दा मुलतबी राख्दा तारिखमा रहेका पक्षको तारिख टुटाई दिनु पर्छ।<br>• मुलतबी जगाउँदा मुद्दा मुलतवी रहँदाका बखत तारिखमा रहेका पक्षहरूलाई ७ दिनको म्याद दिई झिकाई कारबाही गर्नुपर्छ। | |
| **मुद्दा सार्न सक्ने** | • समान प्रश्न समावेश भएको सार्वजनिक महत्वको मुद्दा सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेको भए सो मुद्दा उच्च अदालतबाट सर्वोच्च अदालतले झिकाई कारबाही गर्न सक्छ।<br>• कुनै उच्च अदालतमा विचाराधिन मुद्दामा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा सर्वोच्च अदालतले सो मुद्दा एक उच्च अदालतबाट अर्को उच्च अदालतमा सारी सुनुवाई गर्न आदेश दिन सक्छ।<br>• कुनै जिल्ला अदालतमा विचाराधिन मुद्दामा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा उच्च अदालतले सो मुद्दा एक जिल्ला अदालतबाट अर्को जिल्ला अदालतमा सारी सुनुवाई गर्न आदेश दिन सक्छ।<br>• त्यसरी मुद्दा सार्ने अवस्था भए नभएको निर्णय पक्षको निवेदन वा अन्य माध्यामबाट प्राप्त जानकारीका आधारमा गर्नुपर्छ।<br>• मुद्दा सार्ने आदेश भएमा जुन अदालतमा मुद्दा सर्ने भएको हो सो अदालतले सर्वोच्च अदालत वा उच्च अदालतको आदेश बमोजिम | दफा २०३, संविधानको धारा १३४, १४५<br><br>देकानि४३ |

| | | |
|---|---|---|
| | मुद्दाको कारवाही गर्नुपर्छ।<br>• मुद्दा सरी जुन अदालतबाट फैसला भएपनि फिराद दर्ता भएको शुरु अदालतको पुनरावेदन सुन्ने अदालतमा नै पुनरावेदन लाग्छ।<br>• मुद्दा सार्ने आदेश भएमा सम्वन्धित अदालतको इजलासबाट मुद्दाको दायरीको लगत कट्टा गर्ने आदेश गरी मिसिल पठाउनुपर्छ। | |
| **सर्वोच्च अदालतले मुद्दाको सुनुवाई र किनारा गर्न सक्ने** | • कुनै मुद्दामा संविधान वा कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सरोकारको प्रश्न समावेश भई सो प्रश्नको निरुपण भएपछि मात्र सो मुद्दाको सुनुवाई र किनारा गर्न उपयुक्त हुने मुद्दाको पक्षको निवेदन वा सम्बन्धित अदालतको प्रतिवेदनबाट देखिएमा सर्वोच्च अदालतले सो मुद्दा झिकाई सुनुवाई र किनारा गर्ने आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेश भएमा पक्षहरूलाई तारिख तोकी सम्बन्धित पक्षलाई जानकारी दिई मिसिल सम्वन्धीत अदालतले सर्वोच्च अदालतमा पठाई दिनु पर्छ।<br>• त्यस्तो आदेश भएकोमा सर्वोच्च अदालतले मातहत अदालतबाट मुद्दा झिकाई जटिल संवैधानिक, कानूनी वा सार्वजनिक महत्वको प्रश्नको निरुपण गरी बाँकी कारवाही र किनाराका लागि मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउन सक्दछ।<br>• मिसिल फिर्ता पठाउँदा पक्षहरूलाई त्यसको जानकारी गराई मातहत अदालतको तारिख तोक्नुपर्छ। | दफा २०४ |

## ९. सरकार वादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी व्यवस्था

सरकारको हक हित सरोकार रहेको वा सरकारको स्वामित्व रहेको सम्पत्ति संरक्षणको लागि सरकारको तर्फबाट वा यस प्रकृतिका विवादमा सरकारको विपक्षमा परेका नालेशमा सरकारको तर्फबाट गरिने प्रतिरक्षा सम्वन्धमा यस परिच्छेदमा उल्लेख भएको छ । त्यसै गरी सरकारबादी वा पक्ष हुने देवानी मुद्दाको अनुसन्धान, फिरादपत्र तयार, म्याद, तथा अन्य कार्यबिधि सम्वन्धी ब्यबस्थाको बारेमा समेत विस्तृत रुपमा समावेश गरिएको छ ।

| विषय | कार्यविधि | सम्बन्धित कानून |
|---|---|---|
| **सरकारवादी हुने देवानी मुद्दाहरू** | • देहायका देवानी मुद्दाहरू सरकारवादी हुन्छन्: <br> - नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, तथा संबैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा, <br> - सरकारी जग्गा दपोट सम्बन्धी मुद्दा, <br> - तिरो दपोट सम्बन्धी मुद्दा, <br> - विदेशीलाई अचल सम्पति हस्तान्तरण सम्बन्धी र विदेशीलाई प्राप्त अंश वा अपुतालीसँग सम्बन्धित मुद्दा, <br> - सरकारी रकम कलम दवाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा, <br> - प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने देवानी मुद्दा। <br> - नेपाल सरकार बादी हुने भनी नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अरु देवानी मुद्दा। | देकासं दफा २५४, २५५ र अनुसूची २८, <br> देसं दफा ४३२, ४३३ |
| **सरकार बादी देवानी मुद्द्ाको दायरी** | • सरकारवादी हुने देवानी मुद्दा दायर गर्न ल्याएकोमा देहाय बमोजिम प्रक्रिया पूरा गरेको हुनुपर्छः <br> - सरकार वादी हुने देवानी मुद्दा चलाउन चाहने व्यक्तिले मुद्दाको विषयमा आफूसँग भएको वा आफुले देखे जानेसम्मको प्रमाण खुलाई तोकिएको अधिकारी वा अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले नाप नक्सा लगायतका विषयमा जाँचबुझ गरी सरकारी वकील समक्ष राय पेश गरेको, <br> - सम्बन्धित जिल्लाको सरकारी वकीलले मुद्दा चलाउने गरी निर्णय गरी फिराद दायर गरेको। | दफा २५४ |
| **सरकारबादी नभै व्यक्तिले मुद्दा** | • सरकारी वकीलले मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार बादी भई चलाउनु पर्ने नदेखिई व्यक्तिले नै चलाउनु पर्ने देखिए निर्णय गरी सोको | दफा २५६ |

| | | |
|---|---|---|
| **चलाउनु पर्ने देखिएमा सूचना गर्नु पर्ने** | सूचना सम्बन्धित व्यक्तिलाई दिनु भनी मिसिल पठाउने अधिकारीलाई सूचना दिनुपर्छ।<br>• त्यस्तो सूचना पाएको मितिले सम्बन्धित व्यक्तिको कानून बमोजिमको हदम्यादको गणना हुन्छ। | |
| **सरकारबादी हुने नदेखिएमा सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने** | • सरकारवादी हुने भनी दर्ता भएका देवानी मुद्दामा कारवाहीको क्रममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने नदेखिएमा अदालतले सोही व्यहोराको आदेश गरी सरोकारवाला व्यक्तिलाई झिकाउनु पर्छ।<br>• सो आदेश बमोजिम सरोकारवाला व्यक्ति उपस्थित भई मुद्दा सकार गरेमा निजलाई बादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्छ। | दफा २५७ |
| **सरकारी वकिलले दायर गर्ने बाहेकका अन्य सरकारबादी देवानी मुद्दा सम्वन्धी कार्यविधि** | • सरकारी वकीलले दायर गर्ने बाहेका अन्य सरकारवादी हुने देवानी मुद्दा दायर गर्न ल्याएकोमा देहाय बमोजिम प्रक्रिया पूरा गरेको हुनुपर्छः<br>- कानूनमा तोकिएको अधिकारीले प्रमाण सँकलन गरेको,<br>- सम्बन्धित जिल्लाको सरकारी वकीलले मुद्दा चलाउने गरी निर्णय गरेको।<br>- कानूनमा तोकिएको अधिकारीले फिराद दायर गरेको। | दफा २५८ |
| **हदम्याद सम्बन्धी व्यवस्था** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नु पर्दा देहाय बमोजिम हदम्याद भित्र नालिस गर्नुपर्छः<br>- कानूनमा हदम्याद तोकिएको भए सोही हदम्यादभित्र,<br>- त्यस्तो हदम्याद नतोकिएको भए नालिस गर्नु पर्ने कारण सृजना भएको कुरा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई थाहा भएको मितिले २ वर्षभित्र,<br>- कानूनमा नालिस गर्नलाई हदम्याद नलाग्ने, हदम्याद नभएको वा जहिलेसुकै पनि नालिस गर्न सकिने उल्लेख भएकोमा जहिलेसुकै। | दफा २५९ |

| | | |
|---|---|---|
| | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालयको सम्बन्धित अधिकारीले थाहा पाएको भए सो निकायले थाहा पाएको माननुपर्छ। | |
| **साक्षी बकाउने वा प्रमाण पेश गर्ने** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने देवानी मुद्दामा साक्षी वा प्रमाण बुझ्दा देहाय बमोजिम गर्नुपर्छः<br>- जाहेरी दिने वा सूचना दिने व्यक्ति बादी पक्षको साक्षी हुन्छ।<br>- सरकार वादी भई दायर भएका देवानी मुद्दाको साक्षी वा प्रमाण अदालतले खोजेको दिन सम्बन्धित अधिकारीले सरकारी वकिल मार्फत उपस्थित वा पेश गर्नुपर्छ।<br>- साक्षी बकाउने वा प्रमाण पेश गर्ने कार्य सरकारी वकिलले गर्नुपर्छ।<br>- नबुझी नहुने साक्षीलाई फौज्दारी कार्यविधि संहिताको दफा ११२ को प्रक्रिया अपनाई झिकाई बुझ्न सकिन्छ। | दफा २६०, फौजदारी कार्यविधि संहिताको दफा ११२ |
| **सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्ने** | • सरकारी वकीलबाट दायर भएका सरकारवादी देवानी मुद्दामा सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्नपर्छ।<br>• सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई विपक्षी बनाएको वा नेपाल सरकार बादी भएको देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले वहस पैरवी र प्रतिरक्षा गरी दिन सक्छ। | दफा २६१ |
| **पुनरावेदन म्याद** | • देवानी कार्यविधि संहिताको दफा २५४ बमोजिम सरकारी वकीलबाट दायर भएका मुद्दामा ७० दिनको पुनरावेदन म्याद दिनुपर्छ।<br>• त्यस्तो पुनरावेदन म्याद गुज्रेमा देवानी कार्यविधि संहितामा उल्लेखित अन्य म्यादका अतिरिक्त अदालतले ३० दिनसम्म म्याद थप गरिदिन सक्छ। | दफा २६२ |
| **पुनरावेदन, मुद्दा दोहोऱ्याउने वा पुनरावलोकनको निवेदन दिने** | • सरकारबादी हुने देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित सरकारी वकिलले गर्नुपर्छ।<br>• सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष | दफा २६३ |

| | | |
|---|---|---|
| **अधिकारी** | भएको देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयमा निवेदन दिने काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैंले गर्न सक्दछ।<br>• तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखले लेखि पठाएमा सरकारी वकिलले पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयमा निवेदन दिने काम गर्न सक्दछ। | |
| **नेपाल सरकार उपर नालिस दिने कार्यविधि** | • **नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह उपर देवानी मुद्दा दायर गर्न देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्छः**<br>○ सरोकारवाला व्यक्तिले जसका विरुद्ध नालिस गर्नु पर्ने हो त्यस्तो कार्यालय वा कार्यालयका प्रमुखलाई नालिस गर्ने व्यहोराको सूचना दिएको हुनुपर्छ।<br>○ यसरी सूचना दिएकोमा नालिस दिनु नपर्ने कारण भए ३० दिनभित्र सम्बन्धित कार्यालय वा कार्यालय प्रमुखले सूचना दिने व्यक्तिलाई जानकारी गराउनु पर्छ।<br>○ त्यसरी सम्बन्धित मुद्दा गर्नु नपर्ने गरी जानकारी नदिएमा वा जानकारी दिए पनि त्यसको कारण मनासिब नलागेमा ३५ दिनभित्र नालिस दिन सकिन्छ। | दफा २६४ |

## १०.पुनरावेदन

कुनै अदालतले शुरु कारबाही गरी फैसला वा अन्तिम आदेश गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई सो फैसला वा आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको अदालतमा पुनरावेदन गर्ने अधिकार हुन्छ। शुरु अदालत वा पुनरावेदन सुन्ने अदालतले गरेको फैसलामा चित्र नवुझेमा चित्त नवुझेको हदसम्म आधार र कारण खोली त्यस्तो फैसला उल्टि वा वदर गरिपाऊ भनी मुद्दाका पक्षले पुनरावेदन सुन्ने अदालतमा दिएको लिखित जिकिरलाई पुनरावेदनपत्र भनिन्छ। पुनरावेदनपत्र कानूनको म्यादभित्र तोकिएको ढाँचामा प्रस्तुत गर्नुपर्दछ।पुनरावेदन सम्वन्धमा देवानी कार्यविधि संहितामा रहेका ब्यबस्थाहरुलाई यस परिच्छेदमा समावेश गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **निर्धारित अवधिभित्र** | • शुरु अदालतको फैसला उपर पुनरावेदन गर्दा फैसला भएको थाहा | दफा २०५ |

| | | |
|---|---|---|
| **पुनरावेदन गर्न सक्ने** | पाएको मितिले ३० दिन भित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दिनु परछ।<br>• पुनरावेदन दिने म्याद निम्नानुसार कायम गर्नु पर्छः<br>- मुद्दाको पक्ष वा वारिसले अदालतमा हाजिर भई फैसला सुनिपाएको भए सोही मितिले,<br>- पक्ष हाजिर नभएकोमा फैसलाको सूचना तामेल भएको मितिले,<br>- माथि उल्लेखित अवस्थामा बाहेक न्यायाधीशले फैसला प्रमाणीकरण गरेको ६ महिनासम्म फैसलाको नक्कल लिएको मितिले,<br>• सुनुवाईको दिन निर्धारण गरिएको तारिखमा मुद्दाको पक्ष आफैं वा निजको वारिस उपस्थित भएको रहेछ र सोही तारिखको दिनमा नै मुद्दाको फैसला भएको रहेछ भने मुद्दाको पक्षले फैसला भएको थाहा पाएको मानिनेछ।<br>• पुनरावेदनको म्यादको प्रयोजनका लागि थाहा पाएको मिति कायम गर्दा न्यायाधीशले फैसला प्रमाणीकरण गरेको दिनबाट गर्नुपर्छ। | |
| **पुनरावेदन दर्ता गर्न सकिने अदालतहरु** | • जुन अदालतले फैसला गरेको हो सो अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता गर्नु पर्छ,<br>• मुद्दा फैसला गर्ने अदालतमार्फत पनि पुनरावेदन दर्ता गर्न ल्याए दर्ता गरिदिनु पर्छ,<br>• सरकारी कर्मचारी पुनरावेदन सुन्ने अदालतमा आफै उपस्थित हुन नसक्ने भए त्यसको कारण खुलाई आफू बहाल रहेको ईलाकामा पुनरावेदन सुन्ने अदालत भए सोहि अदालतमा र नभए सोहि इलाकाको जिल्ला अदालत मार्फत दर्ता गर्न सक्नेछ। | दफा २०९,२१०, २११ |
| **पुनरावेदन लाग्न नसक्ने अवस्था** | • निम्न अवस्थामा पुनरावेदन लाग्न सक्दैनः<br>- शुरु म्याद गुजारी प्रतिवाद नगरेको वा प्रतिउत्तरपत्र | दफा २०६ |

| | | |
|---|---|---|
| | नदिएकोमा,<br>- मुद्दा मिलापत्र गरेकोमा,<br>- मुद्दाको दावी फिर्ता लिएकोमा,<br>- वेरीतपूर्वक डिसमिस भएको अवस्थामा बाहेक डिसमिस फैसला भएकोमा। | |
| **पुनरावेदनको ढाँचा** | • पुनरावेदनपत्र शिष्ट र मर्यादित भाषामा देवानी कार्यविधि संहिताको अनुसूची २१ को ढाँचामा लेखिएको हुनुपर्छ।<br>• पुनरावेदन जिकिर पुष्टि गर्ने आवश्यक कागजातहरू पुनरावेदन साथ संलग्न गर्नुपर्छ। | दफा २०८ |
| **पुनरावेदन गर्दा अदालती शुल्क /दस्तुर बुझाउनु पर्ने** | • फिराद दर्ताको बखत अदालती शुल्क पछि तिर्ने गरी अनुमति पाएको अवस्थामा बाहेक कानून बमोजिम लाग्ने अदालती शुल्क वा पुनरावेदन दस्तुर बुझाएको निस्सा पुनरावदनपत्र साथ पेश गर्नु परछ। | दफा २०७ |
| **पुनरावेदन दर्ता** | • मुद्दाका कुनै पक्षले अदालतमा दर्ता गर्न ल्याएको पुनरावेदन हेरी जाँची रितपूर्वक र म्याद भित्रको भए लाग्ने दस्तुर लिई दर्ता गरी निजलाई देवानी कार्यविधि संहिताको अनुसुचि ३ को ढाँचामा भरपाई दिनु पर्छ।<br>• दर्ता गर्न ल्याएको पुनरावेदनपत्र वेरितको देखिए सो को कारण खुलाई दरपीठ गर्नु पर्छ। | दफा २०९ |
| **पुनरावेदकलाई तारेख तोक्ने** | • फैसला गर्ने अदालतमा पुनरावेदन गर्ने पक्ष तारेखमा वस्न चाहेमा पुनरावेदन सुन्ने अदालतमा हाजिर हुने गरी तारेख तोक्नु परछ।<br>• पुनरावेदन गर्ने सरकारी कर्मचारी तारेखमा वस्न चाहेमा पुनरावेदन दर्ता गरेको ईलाकाको अदालतमा नै तारेखमा राखी सो को जानकारी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु परछ। | दफा २१०, २११ |
| **मिसिल झिकाउने/पठाउने** | • पुनरावेदन दर्ता भएपछि पुनरावेदन सुन्ने अदालतले ३ दिन भित्र शुरु अदालत वा निकायमा मिसिल माग गरी लेखी पठाउनु | दफा २१०, २१२ |

| | | |
|---|---|---|
| | परछ।<br>• मुद्दा फैसला गर्ने अदालतमा पुनरावेदन दर्ता भएको ३ दिनभित्र सम्वन्धित मिसिल संलग्न राखी पुनरावेदन सुन्ने अदालतमा त्यस्तो पुनरावेदनपत्र पठाउनु परछ।<br>• सरकारी कर्मचारीको पुनरावेदन दर्ता गर्ने बेईलाकाको पुनरावेदन सुन्ने अदालत वा जिल्ला अदालतले दर्ता भएको पुनरावेदनपत्र र त्यस्तो कर्मचारी सो ईलाकामा वाहाल रहेको व्यहोरा प्रमाणित गरी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु परछ।<br>• पुनरावेदन सुन्ने अदालतले शुरु मिसिल माग गरेकोमा पत्र प्राप्त भएको मितिले ३ दिनभित्र शुरु अदालत वा निकायले मिसिल पठाउनु परछ। | |
| **प्रत्यर्थी झिकाउने** | • शुरु मिसिल प्राप्त भएको १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतले मुद्दाको सुनुवाई गरी तल्लो अदालत वा निकायको निर्णय फरक पर्ने देखिएमा सो को कारण सहित प्रत्यर्थी झिकाउने आदेश गर्नुपर्छ।<br>• शुरु वा तल्लो अदालतको निर्णय फरक नपर्ने देखिएमा पहिलो सुनुवाईको दिन ठहरे बमोजिम निर्णय गर्नुपर्छ। | दफा २१३ |
| **प्रत्यर्थीलाई म्याद दिनुपर्ने** | • प्रत्यर्थी झिकाउने आदेश भएकोमा पुनरावेदन सुन्ने अदालत आफैले वा शुरु अदालत मार्फत देवानी कार्यविधि संहिताको अनुसूचि २२ बमोजिमको ढाँचामा प्रत्यर्थीलाई बाटोको म्याद बाहेक १५ दिनभित्र उपस्थित हुन म्याद तामेल गर्नु पर्छ।<br>• प्रत्यर्थीले चाहेमा पुनरावेदन उपर लिखित प्रतिवाद गर्न र तारेखमा वसी प्रतिरक्षा गर्न पाउछ। | दफा २१४ |
| **पुनरावेदनको सुनुवाई** | • तामेलीको म्याद भित्र प्रत्यर्थी उपस्थित हुन आए वा नआए वा दुवै पक्ष तारेखमा वसे वा नवसे पनि सुनुवाई हुने पेशीको तारेख तोकी मुद्दा सुनुवाई गर्नु पर्छ। | दफा २१५ |

| | | |
|---|---|---|
| | • पुनरावेदन उपर सुनुवाई गरेपछि ठहरे बमोजिम निर्णय गरी देवानी कार्यविधि संहिताको अनुसूचि २३ को ढाँचामा फैसला तयार गर्नुपर्छ। | |
| **पुनरावेदन सुन्ने अदालतको अधिकार** | • पुनरावेदनको रोहमा सुनुवाई गर्दा आवश्यकता अनुसार शुरु अदालतको अधिकार समेत प्रयोग गर्ने गरी पुनरावेदन अदालतलाई देहाय बमोजिमको आदेश वा निर्णय गर्ने अधिकार हुन्छः<br>- तल्लो अदालत वा निकायको फैसला पुरै सदर वा वदर गर्ने,<br>- तल्लो अदालत वा निकायको फैसला आंशिक वा पुरै उल्टी गर्ने,<br>- तल्लो अदालत वा निकायले बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरेको देखिए थप प्रमाण आफैले बुझ्ने वा तल्लो अदालतलाई बुझी पठाउन आदेश गर्ने,<br>- तल्लो अदालत वा निकायले मुद्दामा ठहर गर्नुपर्ने विषयमा सम्बोधन गर्न छुट्याएको वा नबोलेको देखिए त्यस्तो विषयमा आफैले ठहर गर्ने वा तल्लो अदालतलाई ठहर गर्नु भनी मिसिल पठाउने,<br>- तल्लो अदालत वा निकायको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक विषयवस्तु नमिलेको भए परिवर्तन गर्ने। | दफा २१६, २१७ |
| **एकैसाथ सुनुवाई गरी निर्णय गर्ने** | • दुई वा सो भन्दा बढी पक्ष भएको एउटै मुद्दामा तल्लो अदालत वा निकायको निर्णय उपर छुट्टाछुट्टै पुनरावेदन परेकोमा सबै पुनरावेदनहरु लगाउमा राखी एकै साथ सुनुवाई गरी निर्णय गर्नुपर्छ।<br>• एउटै मुद्दाका पुनरावेदनहरू मध्ये कारणबस कुनै पुनरावेदनको पहिले नै निर्णय भएको र कुनै पुनरावेदनमा निर्णय गर्न बाँकि रहेको अवस्था भए बाँकि पुनरावेदनमा ठहरे बमोजिम निर्णय गर्नु पर्छ। | दफा २१८ |

## ११. मुद्दा दोहोर्‍याउने तथा पुनरावलोकन सम्बन्धी व्यवस्था

कुनै अदालतले शुरु कारबाही गरी फैसला वा अन्तिम आदेश गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई सो फैसला वा आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको अदालतमा पुनरावेदन गर्ने अधिकार हुन्छ। शुरु अदालत वा पुनरावेदन सुन्ने अदालतले गरेको फैसलामा चित्र नवुझेमा चित्त नवुझेको हदसम्म आधार र कारण खोली त्यस्तो फैसला उल्टि वा वदर गरिपाऊ भनी मुद्दाका पक्षले पुनरावेदन सुन्ने अदालतमा दिएको लिखित जिकिरलाई पुनरावेदनपत्र भनिन्छ। पुनरावेदनपत्र कानूनको म्यादभित्र तोकिएको ढाँचामा प्रस्तुत गर्नुपर्दछ। पुनरावेदन सम्वन्धमा देवानी कार्यविधि संहितामा रहेका ब्यबस्थाहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **निर्धारित अवधिभित्र पुनरावेदन गर्न सक्ने** | • शुरु अदालतको फैसला उपर पुनरावेदन गर्दा फैसला भएको थाहा पाएको मितिले ३० दिन भित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दिनु परछ।<br>• पुनरावेदन दिने म्याद निम्नानुसार कायम गर्नु पर्छः<br>- मुद्दाको पक्ष वा वारिसले अदालतमा हाजिर भई फैसला सुनिपाएको भए सोही मितिले,<br>- पक्ष हाजिर नभएकोमा फैसलाको सूचना तामेल भएको मितिले,<br>- माथि उल्लेखित अवस्थामा बाहेक न्यायाधीशले फैसला प्रमाणीकरण गरेको ६ महिनासम्म फैसलाको नक्कल लिएको मितिले,<br>• सुनुवाईको दिन निर्धारण गरिएको तारिखमा मुद्दाको पक्ष आफैं वा निजको वारिस उपस्थित भएको रहेछ र सोही तारिखको दिनमा नै मुद्दाको फैसला भएको रहेछ भने मुद्दाको पक्षले फैसला भएको थाहा पाएको मानिन्छ।<br>• पुनरावेदनको म्यादको प्रयोजनका लागि थाहा पाएको मिति कायम गर्दा न्यायाधीशले फैसला प्रमाणीकरण गरेको दिनबाट गर्नुपर्छ। | दफा २०५ |

| | | |
|---|---|---|
| **पुनरावेदन दर्ता गर्न सकिने अदालतहरू** | • जुन अदालतले फैसला गरेको हो सो अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता गर्नु पर्छ,<br>• मुद्दा फैसला गर्ने अदालतमार्फत पनि पुनरावेदन दर्ता गर्न ल्याए दर्ता गरिदिनु पर्छ,<br>• सरकारी कर्मचारी पुनरावेदन सुन्ने अदालतमा आफै उपस्थित हुन नसक्ने भए त्यसको कारण खुलाई आफू बहाल रहेको ईलाकामा पुनरावेदन सुन्ने अदालत भए सोहि अदालतमा र नभए सोहि इलाकाको जिल्ला अदालत मार्फत दर्ता गर्न सक्नेछ। | दफा २०९,२१०, २११ |
| **पुनरावेदन लाग्न नसक्ने अवस्था** | • निम्न अवस्थामा पुनरावेदन लाग्न सक्दैनः<br>- शुरु म्याद गुजारी प्रतिवाद नगरेको वा प्रतिउत्तरपत्र नदिएकोमा,<br>- मुद्दा मिलापत्र गरेकोमा,<br>- मुद्दाको दाबी फिर्ता लिएकोमा,<br>- वेरीतपूर्वक डिसमिस भएको अवस्थामा बाहेक डिसमिस फैसला भएकोमा। | दफा २०६ |
| **पुनरावेदनको ढाँचा** | • पुनरावेदनपत्र शिष्ट र मर्यादित भाषामा देवानी कार्यविधि संहिताको अनुसूची २१ को ढाँचामा लेखिएको हुनुपर्छ।<br>• पुनरावेदन जिकिर पुष्टि गर्ने आवश्यक कागजातहरू पुनरावेदन साथ संलग्न गर्नुपर्छ। | दफा २०८ |
| **पुनरावेदनपत्रमा उल्लेख गर्नु पर्ने विवरण** | • पुनरावेदनपत्रमा देहाय बमोजिमको विवरण उल्लेख भएको छ छैन जाँच गरी दर्ता गर्नुपर्छः<br>✓ फैसला वा अन्तिम आदेश गर्ने अदालतको नाम,<br>✓ पुनरावेदक बादी वा प्रतिबादी भएको व्यहोरा,<br>✓ मुद्दाको नाम,<br>✓ फैसला वा अन्तिम आदेश भएको मिति, प्रमाणीकरण मिति र थाहा पाएको मिति,<br>✓ मुद्दामा दाबी गरेको बिगो र कायम भएको बिगो,<br>✓ फैसला वा अन्तिम आदेशमा चित्त नबुझेको बिषय, त्यसको | देकानि ४४ |

| | | |
|---|---|---|
| | आधार र कारण,<br>✓ पुनरावेदन जिकिर र सो को कानूनी आधार,<br>✓ अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको जानकारी भए सो व्यहोरा,<br>✓ लाग्ने अदालती शुल्क र पुनराबेदन दस्तुर बुझाएको भए सो को प्रमाण,<br>✓ पुनरावेदनको म्याद सम्बन्धी बिषय,<br>✓ अधिकारक्षेत्र सम्बन्धी बिषय । | |
| **पुनरावेदन गर्दा अदालती शुल्क /दस्तुर बुझाउनु पर्ने** | • फिराद दर्ताका बखत अदालती शुल्क पछि तिर्ने गरी अनुमति पाएको अवस्थामा बाहेक कानून बमोजिम लाग्ने अदालती शुल्क वा पुनरावेदन दस्तुर बुझाएको निस्सा पुनरावदनपत्र साथ पेश गर्नु पर्छ। | दफा २०७ |
| **पुनरावेदन दर्ता** | • मुद्दाका कुनै पक्षले अदालतमा दर्ता गर्न ल्याएको पुनरावेदन हेरी जाँची रितपूर्वक र म्याद भित्रको भए लाग्ने दस्तुर लिई दर्ता गरी निजलाई देवानी कार्यविधि संहिताको अनुसुचि ३ को ढाँचामा भरपाई दिनु पर्छ।<br>• दर्ता गर्न ल्याएको पुनरावेदनपत्र वेरितको देखिए सो को कारण खुलाई दरपीठ गर्नु पर्छ।<br>• पुनरावेदनपत्र दर्ता गर्दा तल्लो तहको अदालतको फैसलाबमोजिम लागेको दण्ड जरिवाना बुझिलिएको सो कुराको सूचना लगत रहेको अदालतलाई दिनु पर्छ । | दफा २०९<br>देकानि ४५,४८ |
| **पुनरावेदकलाई तारेख तोक्ने** | • फैसला गर्ने अदालतमा पुनरावेदन गर्ने पक्ष तारेखमा वस्न चाहेमा पुनरावेदन सुन्ने अदालतमा हाजिर हुने गरी तारेख तोक्नु पर्छ।<br>• पुनरावेदन गर्ने सरकारी कर्मचारी तारेखमा वस्न चाहेमा पुनरावेदन दर्ता गरेको ईलाकाको अदालतमा नै तारेखमा राखी सो को जानकारी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्छ। | दफा २१०, २११ |
| **मिसिल झिकाउने/पठाउने** | • पुनरावेदन दर्ता भएपछि पुनरावेदन सुन्ने अदालतले ३ दिन भित्र शुरु अदालत वा निकायमा मिसिल माग गरी लेखी पठाउनु | दफा २१०, २१२ |

| | | |
|---|---|---|
| | परछ।<br>• मुद्दा फैसला गर्ने अदालतमा पुनरावेदन दर्ता भएको ३ दिनभित्र सम्वन्धित मिसिल संलग्न राखी पुनरावेदन सुन्ने अदालतमा त्यस्तो पुनरावेदनपत्र पठाउनु परछ।<br>• सरकारी कर्मचारीको पुनरावेदन दर्ता गर्ने बेईलाकाको पुनरावेदन सुन्ने अदालत वा जिल्ला अदालतले दर्ता भएको पुनरावेदनपत्र र त्यस्तो कर्मचारी सो ईलाकामा वाहाल रहेको व्यहोरा प्रमाणित गरी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु परछ।<br>• पुनरावेदन सुन्ने अदालतले शुरु मिसिल माग गरेकोमा पत्र प्राप्त भएको मितिले ३ दिनभित्र शुरु अदालत वा निकायले मिसिल पठाउनु परछ। | |
| **प्रत्यर्थी झिकाउने** | • शुरु मिसिल प्राप्त भएको १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतले मुद्दाको सुनुवाई गरी तल्लो अदालत वा निकायको निर्णय फरक पर्ने देखिएमा सो को कारण सहित प्रत्यर्थी झिकाउने आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेश बमोजिम प्रत्यर्थिका नाउमा पठाउने म्यादको साथमा प्रत्यर्थी झिकाउने आदेश र पुनरावेदनपत्रको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्छ ।<br>• यसरी झिकाएको प्रत्यर्थीले चाहेमा पुनरावेदन जिकिर र अदालतको आदेशलाई लिखित रूपमा प्रतिबाद पेश गर्न सक्छ।<br>• शुरु वा तल्लो अदालतको निर्णय फरक नपर्ने देखिएमा पहिलो सुनुवाईको दिन ठहरे बमोजिम निर्णय गर्नुपर्छ। | दफा २१३<br>देकानि ४९,५० |
| **प्रत्यर्थीलाई म्याद दिनुपर्ने** | • प्रत्यर्थी झिकाउने आदेश भएकोमा पुनरावेदन सुन्ने अदालत आफैले वा शुरु अदालत मार्फत देवानी कार्यविधि संहिताको अनुसूचि २२ बमोजिमको ढाँचामा प्रत्यर्थीलाई बाटोको म्याद बाहेक १५ दिनभित्र उपस्थित हुन म्याद तामेल गर्नु पर्छ। | दफा २१४ |

| | | |
|---|---|---|
| | • प्रत्यर्थीले चाहेमा पुनरावेदन उपर लिखित प्रतिवाद गर्न र तारेखमा वसी प्रतिरक्षा गर्न पाउछ। | |
| **पुनरावेदनको सुनुवाई** | • तामेलीको म्याद भित्र प्रत्यर्थी उपस्थित हुन आए वा नआए वा दुवै पक्ष तारेखमा वसे वा नवसे पनि सुनुवाई हुने पेशीको तारेख तोकी मुद्दा सुनुवाई गर्नु पर्छ।<br>• पुनरावेदन उपर सुनुवाई गरेपछि ठहरे बमोजिम निर्णय गरी देवानी कार्यविधि संहिताको अनुसूचि २३ को ढाँचामा फैसला तयार गर्नुपर्छ। | दफा २१५ |
| **पुनरावेदन सुन्ने अदालतको अधिकार** | • पुनरावेदनको रोहमा सुनुवाई गर्दा आवश्यकता अनुसार शुरु अदालतको अधिकार समेत प्रयोग गर्ने गरी पुनरावेदन अदालतलाई देहाय बमोजिमको आदेश वा निर्णय गर्ने अधिकार हुन्छः<br>- तल्लो अदालत वा निकायको फैसला पुरै सदर वा वदर गर्ने,<br>- तल्लो अदालत वा निकायको फैसला आंशिक वा पुरै उल्टी गर्ने,<br>- तल्लो अदालत वा निकायले बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरेको देखिए थप प्रमाण आफैले बुझ्ने वा तल्लो अदालतलाई बुझी पठाउन आदेश गर्ने,<br>- तल्लो अदालत वा निकायले मुद्दामा ठहर गर्नुपर्ने विषयमा सम्बोधन गर्न छुट्याएको वा नबोलेको देखिए त्यस्तो विषयमा आफैले ठहर गर्ने वा तल्लो अदालतलाई ठहर गर्नु भनी मिसिल पठाउने,<br>- तल्लो अदालत वा निकायको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक विषयवस्तु नमिलेको भए परिवर्तन गर्ने। | दफा २१६, २१७ |
| **एकैसाथ सुनुवाई गरी निर्णय गर्ने** | • दुई वा सो भन्दा बढी पक्ष भएको एउटै मुद्दामा तल्लो अदालत वा निकायको निर्णय उपर छुट्टाछुट्टै पुनरावेदन परेकोमा सबै पुनरावेदनहरू लगाउमा राखी एकै साथ सुनुवाई गरी निर्णय | दफा २१८ |

| | | |
|---|---|---|
| | गर्नुपर्छ।<br><br>• एउटै मुद्दाका पुनरावेदनहरू मध्ये कारणबस कुनै पुनरावेदनको पहिले नै निर्णय भएको र कुनै पुनरावेदनमा निर्णय गर्न बाँकि रहेको अवस्था भए बाँकि पुनरावेदनमा ठहरे बमोजिम निर्णय गर्नु पर्छ। | |

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **१२. अंश मुद्दामा सम्पत्तिको फाँटवारी पेश गर्ने कार्यविधि** | | |
| **सम्पत्तिको फाँटबारी खुलाई नालिस गर्नुपर्ने** | • कुनै अंशियारले फिराद दिँदा मानो छुट्टिएको मिति तथा आफ्नो र थाहा पाएसम्म अन्य अंशियारको नाममा रहेको सम्पत्ति र ऋण धनको फाँटबारी खुलाउनु पर्छ।<br><br>• यसरी सम्पत्तिको फाँटबारी पेश गर्न नसक्ने भएमा त्यसको कारण खुलाउनु परछ।<br><br>• प्रतिवादीले प्रतिउत्तर दिँदा वादीलाई अंश दिनु पर्ने वा नपर्ने कुरा खुलाई र अंश दिन मञ्जुरी भएमा आफ्नो नाममा रहे भएको सम्पत्ति र ऋणधनको फाँटवारी खुलाउनु पर्छ। | देवानी संहिताको दफा २२० |
| **फाँटबारीमा खुलाउनु पर्ने कुरा** | **सम्पत्तिको फाँटवारीमा निम्न कुरा खुलाउनु पर्छः**<br><br>• जग्गा रहेको ठाउँ, कित्ता नम्बर, क्षेत्रफल र अनुमानित मूल्य,<br><br>• घर भए त्यस्तो घर रहेको ठाउँ, कित्ता नम्बर, क्षेत्रफल, घरको कवल, नाल, तला, कच्ची पक्की र त्यसको अनुमानित मूल्य,<br><br>• चल सम्पत्ति भए त्यसको विवरण र अनुमानित मूल्य,<br><br>• नगद भए त्यसको विवरण, बैङ्क मौज्दात, शेयर, डिबेन्चर, ट्रेजरी बिल भए त्यस सम्बन्धी विवरण,<br><br>• पशु धन भए त्यसको विवरण र अनुमानित मूल्य, | दफा २२१ |

| | | |
|---|---|---|
| | • सुन, चाँदी, जवाहरत भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• सवारी साधन भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• माथि उल्लेख भए बाहेकका अन्य सम्पत्ति भए त्यस्तो सम्पत्तिको विवरण र अनुमानित मूल्य।<br>• मूल्य नखुलेमा वा मूल्यको सम्बन्धमा विवाद परेमा अचलको हकमा मालपोत कार्यालयले कायम गरेको मूल्य र चलको हकमा तत्काल प्रचलित बजार मूल्यलाई आधार लिनु परछ। | |
| **फाँटबारी लिई अंशबण्डा गर्ने** | • नालिस वा प्रतिउत्तरबाट अंशबण्डा गरिदिनुपर्ने देखीएमा र नालिस प्रतिउत्तरसाथ सम्पत्तिको फाँटवारी पेश भएकोमा अंशबण्डा गर्नु पर्ने सम्पत्ति यत्ति हो, लुकाए छिपाएको छैन भन्ने व्यहोराको अंशियारहरूको कागज गराउनु पर्छ।<br>• फिरादपत्र वा प्रतिउत्तरसाथ सम्पत्तिको फाँटवारी पेश नभएमा आदेश गरी म्याद तोकी अंशियारहरूसँग सम्पत्तिको फाँटवारी माग गर्नुपर्छ।<br>• आदेश बमोजिम तायदाती फाँटवारी पेश गर्दा आफु जिम्मा रहेको बण्डा गर्नुपर्ने सम्पत्ती यत्ति हो, लुकाए छिपाएको छैन भन्ने ब्यहोरा खुलाउन लागाउनु पर्छ र सो बमोजिम पेश भएको तायदाती फाटवारी एक आपसमा सुनाउनु पर्छ।<br>• कुनै पक्षले कुनै सम्पत्ति बण्डा नलाग्ने वा निजी आर्जनको भन्ने जिकिर लिएमा निजबाट नै सम्वद्ध प्रमाण कागज दाखिल गराउनु पर्छ।<br>• तायदाती फाँटवारी पेश भै पछि बिगो खुलेमा लाग्ने अदालती शुल्क बादीबाट दाखिल गराउनु पर्छ। | दफा २२२, ६६,६९ |
| **प्राप्त फाँटवारीको आधारमा अंशबण्डा गर्ने** | • सम्पत्तिको फाँटवारी दिनु पर्नेले फाँटवारी नदिएमा वा निजले प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा अन्य अंशियारले दिएको फाँटवारीको आधारमा अंशबण्डा गरिदिनु पर्छ। | दफा २२३ |

| | | |
|---|---|---|
| | • अंशियारले फाँटवारीमा नखुलेको सम्पत्ति पछि पत्ता लगाई बण्डा गर्न नालिस गर्न सक्दछ। | |
| **ताला खोली सम्पत्तिको फाँटबारी लिन सक्ने** | • सम्पत्तिको फाँटवारी दिनुपर्नेले नदिई ताला खुलाई फाँटवारी लिनुपर्ने भए घरको साँचो लिने अंशियार र नभए वादी र स्थानीय तहको सम्बन्धित वडाको प्रतिनिधि सहित कम्तीमा २ जना रोहबरमा राखी ताला खोली सम्पत्तिको विवरण लिई सम्पत्तिको फाँटवारी लिन सकिन्छ। | दफा २२४ |
| **फाँटवारी ल्याएका बखत अंशबण्डा गर्ने** | • फाँटवारी दिनु पर्ने व्यक्तिले फाँटबारी नदिएमा वा प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा र अंश पाऊ भन्नेले समेत फाँटवारी दिन नसकेमा सोही कुरा खुलाई बादीको कागज गराई पछि फाँटबारी दिएका बखत अंशबण्डा हुने गरी मुद्दा तामेलीमा राख्नुपर्छ।<br>• पछि फाँटवारी ल्याएमा सोही मिसिलबाट कारवाही गर्नुपर्छ। | दफा २२५ |
| **सम्पत्ति वा आयस्ता रोक्का राख्ने** | अंश मुद्दामा बादीले अंश पाउने देखिएमा सम्पत्तिको फाँटबारी पेश भैसकेपछि आफ्नो अंश भागको हदसम्मको सम्पति वा आयस्ता रोक्का गर्न निवेदन दिएमा अंशबण्डा नभएसम्मको लागि निवेदन बमोजिम सम्पत्ति वा आयस्ता रोक्का राख्न सकिन्छ। | दफा २३० |

१३ बिबिध

| विषय | कार्यविधि | सम्बन्धित कानून |
|---|---|---|
| **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्ने** | • कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा **निम्न अवस्था हुने देखिएमा** त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा हुलिया गोप्य राख्न पक्षले अदालतमा अनुरोध गर्न सक्दछः<br>- त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा ईज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने, | दफा २७६ |

| | | |
|---|---|---|
| | - निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने,<br>- निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने।<br>• पक्षले त्यस्तो अनुरोध गरेमा अदालतले निवेदन बमोजिम नाम, थर, वतन वा परिचय गोप्य राख्ने आदेश दिन सक्छ।<br>• त्यसरी गोप्य राखिएको नाम, थर, वतन वा परिचय सो मुद्दाको सुनुवाई गर्दा वा सो सम्बन्धी विवरण प्रकाशन गर्दा आदेश बमोजिमका गोप्य नाम, थर, वतन वा परिचय राख्नुपर्छ। | |
| **रोहबरमा बस्न तथा सहीछाप गर्न सहयोग गर्नु पर्ने** | • अदालतबाट सम्पादन हुने कुनै काम कारबाहीको सिलसिलामा रोहबरमा बस्नु पर्ने वा अदालतबाट तयार गरिएको लिखतमा सहीछाप गर्नु पर्ने व्यक्तिले सहीछाप गरी अदालतलाई सहयोग गर्नुपर्छ।<br>• त्यसरी रोहबरमा बस्न वा लिखतमा सहीछाप गर्न ईन्कार गरेमा सो ईन्कारीको परिणाम सम्झाउनु पर्छ।<br>• त्यसरी सम्झाउँदा समेत ईन्कार गरेमा सोही व्यहोरा उल्लेख गरी सो काम वा लिखत गराउने कर्मचारीले सोको कैफियत जनाई उपस्थित भएका अन्य दुई व्यक्तिको र आफ्नो सहीछाप गरी लिखत तयार गर्नुपर्छ।<br>• त्यसरी तयार गरिएको लिखतलाई कानून बमोजिम रीत पुगेको मानिन्छ।<br>• अदालतको काममा अवरोध गर्ने वा असहयोग गर्ने व्यक्तिलाई रु. ५,०००।-सम्म जरिबाना गर्न सकिन्छ। | दफा २७७ |
| **मुद्रण वा गणितीय त्रुटिले असर नगर्ने** | • मुद्दाको कारवाही सुनुवाई र किनाराको सिलसिलामा ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्दा साना तिना त्रुटि वा छुट भएकोमा वा लिखतमा लेखाई, छपाई वा मुद्रणमा गणितीय वा अन्य साना तिना त्रुटि वा छुट हुन गएमा सो कारणले मात्र त्यससँग सम्बन्धित सम्पूर्ण काम, कारबाही गैरकानूनी भएको | दफा २७९ |

| | | |
|---|---|---|
| | मानिदैन।<br>• त्यस्तो त्रुटि वा छुट हुन गएमा न्यायाधीशले ईन्साफमा फरक नपर्ने गरी कारण सहितको छुट्टै पर्चा खडा गरी त्यस्तो भुल वा त्रुटि सच्याउन सक्दछ। | |
| **लिखतको सामान्य त्रुटि सच्याउन सकिने** | • अदालतमा एक पटक दर्ता भैसकेको लिखतमा लेख, टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउन चाहेमा सो व्यहोरा उल्लेख गरी दर्ता गर्ने ब्यक्तिले निवेदन दिन सक्छ ।<br>• त्यस्तो निवेदन परेमा आवश्यक जाँचबुझ गर्दा त्रुटि सच्याउन मनासिब देखिएमा त्यस्तो निवेदनलाई नै लिखतको पूरकको रूपमा मिसिल सामेल गर्ने आदेश दिन सकिन्छ ।<br>• तर, संशोधनबाट मुद्दाको सम्पूर्ण कारबाही वा इन्साफमा तात्विक असर पर्न सक्ने देखिएमा संशोधन हुन सक्दैन।<br>• संशोधन हुने आदेश भएमा आवश्यकतानुसार अर्को पक्षलाई जनाउ दिन सकिन्छ। | देवानी कार्यविधि नियमावली नियम१४ |
| **म्याद वा सूचना प्रकाशन** | • अदालतबाट कुनै म्याद वा सूचना प्रकाशन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपरछ। | दफा २८२ |
| **विभागीय कारबाही गर्न आदेश दिने** | • कुनै कर्मचारीले निर्धारित अवधिभित्र कार्य सम्पादन नगरेमा मर्का पर्ने पक्षले सम्बन्धित अदालतको न्यायाधीश समक्ष उजुरी दिन सक्दछ।<br>• त्यस्तो उजुरी परेकोमा सम्बन्धित कर्मचारीलाई बुझ्दा मनासिब कारण बिना निजले समयमै कार्य सम्पादन गरेको नदेखिएमा न्यायाधीशले निजलाई विभागीय कारबाही गर्न आदेश दिन सक्दछ। | दफा २८३ |

| | | |
|---|---|---|
| **लिखत धुल्याउनु पर्ने** | **मुद्दाको अन्तिम निर्णय भएको ५ वर्षपछि सो मुद्दाको लिखतहरू धुल्याउनु परछ। तर देहायका लिखतहरू धुल्याउनु हुँदैनः**<br>- फिरादपत्र,<br>- बयान,<br>- प्रतिउत्तरपत्र वा प्रतिदाबी,<br>- पक्षको नाममा जारी भएको म्याद,<br>- मुद्दासँग सम्बन्धित नक्सा,<br>- सक्कल प्रमाण कागज,<br>- मिलापत्रको कागजात,<br>- पुनरावेदनपत्र,<br>- मुद्दा दोहोहऱ्याउने वा पुनरावलोकनको लागि दिईएको निवेदनपत्र,<br>- अदालतबाट भएको फैसला, निर्णय, अन्तिम आदेश,<br>- तायदाती फाँटवारी,<br>- विशेषज्ञको राय,<br>- अधिकृत वारेसनामा,<br>- सम्पत्ति धरौट, जमानतको, रोक्का  र फुकुवा सम्बन्धी कागजात,<br>- धरौट, विगो, क्षतिपूर्ति वा अन्य रकम वुझाएको नगदी रसीद,<br>- व्यक्तिगत परिचय गोप्य राख्ने निर्णय सम्बन्धी कागजात,<br>- बण्डा मुचुल्का, चलन मुचुल्का, लिलाम मुचुल्का तथा तामेली आदेश,<br>- कानून बमोजिम संरक्षण गर्न उपयुक्त र आवश्यक देखिएका अन्य लिखत।<br>• कागज धुल्याउनुअघि श्रेस्तेदारले ती कागजातको फेहरिस्तमा | दफा २८५<br>देकानि ७९ |

| | | |
|---|---|---|
| | सहीछाप गरी गर्नुपर्छ। | |
| **इन्साफसम्बन्धी काम बाहेक अन्य काम** | • इन्साफ गर्ने र न्यायाधीशले गर्ने भनी कानूनमा व्यवस्था भएको बाहेक अदालतले गर्नु पर्ने अन्य कामहरू नियमावलीमा तोकिए बमोजिमको कर्मचारीले र त्यसरी कर्मचारी नतोकिएको हकमा प्रमुख भै काम गर्ने न्यायाधीशले वा निजले अख्तियार दिएको कर्मचारीले गर्नुपर्छ । | जिअनि २२ |
| **अन्य कार्यविधि आँफै व्यवस्थित गर्न सक्ने** | • देवानी कार्यविधि र देवानी कार्यविधि नियमावलीमा लेखिएदेखि बाहेकका अन्य अदालती कार्यविधिका बिषयमा ऐन र नियमावलीको प्रतिकूल नहुने गरी अदालत आँफैले व्यवस्थित गर्न सक्छ ।<br>• | देकानि ८१ |

## अनुसूची —एक

## फैसलाको तपसिल खण्ड लेखनमा ध्यान दिनुपर्ने कुराहरू

देवानी संहिताले गरेको परिवर्तित कानूनी ब्यबस्थाको प्रयोगका सन्दर्भमा अदालतबाट गरिने फैसलाहरूको तपसिल खण्डमा उल्लेख गरिनुपर्ने कतिपय कुराहरू साविकका ब्यबस्था भन्दा फरक हुने अवस्था आएको छ। यस परिप्रेक्ष्यमा फैसलाको तपसिल खण्ड तयार गर्दा फैसला कार्यान्वयनलाई सहज र स्पष्ट हुनेगरी तयार गर्नुपर्ने अवस्था देखिन्छ।

मूलतः मुलुकी देवानी संहिता, २०७४ ले उल्लेख गरेका विभिन्न मुद्दामा ठहर भएका विषयहरूको कार्यान्वयनको लागि तपसिल खण्ड तयार गर्दा परिवर्तित कानूनी ब्यबस्था अनुरुप गर्नुपर्ने भएको छ । बण्डा छुट्टाउने, चलन चलाउने र विगो रकम भरिपाउने, जरिवाना असुल गर्ने, अदालती शुल्क भराउने, दाखिल खारिज नामसारी गराउने, निखनाई दिने गरी फैसला भएकोमा सो फैसला कार्यान्वयनको लागि तहसिल शाखामा लगत  दिई उपस्थित पक्षलाई तारिख समेत तोकी पठाउनुपर्ने गरी संहिताले ब्यबस्था गरेको छ।

यसरी फैसला कार्यान्वयनको सन्दर्भमा संहिताले गरेको बिभिन्न नयाँ र नौला कानूनी मान्यतालाई मूर्तरूप दिन र फैसला थाहा पाएको मानिने परिवर्तित कानूनी ब्यबस्था समेतलाई विचार गर्दा हाल प्रचलनमा रहेका तपसिल खण्ड लेखनको शैलीमा केहि परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ। अतः फैसलाको तपसिल खण्ड लेखन गर्दा निम्न कुराहरूमा विचार पुर्‍याउनुपर्ने देखिन्छ।

- फैसला हुँदा पक्ष रुजु हाजिर रहेको भए पुनरावेदन पर्ने अवधि कटाई फैसला कार्यान्वयनको लागि मुद्दाका पक्षलाई तहसिल शाखामा तारेख तोक्नुपर्ने,
- बिगो भराउने, बण्डा छुट्टाउने, चलन चलाउने, क्षतिपूर्ति भराउने, दाखिल खारिज गर्ने, हक सफा गराई कार्यान्वयन गर्ने कुरा  उल्लेख गर्ने,
- एकतर्फी फैसला हुँदा जनाउ दिने र पत्रिकामा सूचना प्रकाशन गर्ने विषय,
- फैसला भएको थाहा पाएको मानिने विभिन्न अवस्थालाई सम्वोधन गरी पुनरावेदनको म्याद दिने वा नदिने कुरा,
- पुनरावेदन नलाग्ने अवस्थामा पनि सवै अनुपस्थित पक्षलाई फैसला भएको जनाउ दिनुपर्ने कुरा,
- अदालती शुल्क पछि बुझाउने गरी सुविधा पाएको अवस्थामा सो शुल्क असुल गर्ने विषय,
- जित्ने पक्षले बुझाएको अदालती शुल्क हार्ने पक्षबाट भराइदिने र बादीदाबी नपुगेमा अदलति शुल्क जफत हुने विषय,

- फिरादको लेखाइबाट लाग्नै नसक्ने फिराद दर्ता भएकोमा सो खारेज हुँदा राखेको अदालती शुल्क फिर्ता दिने कुरा,
- फैसला प्रमाणीकरण गरेको मितिबाट पुनरावेदन म्याद प्रारम्भ हुने, प्रमाणीकरण गरेका फैसलाको विवरण सूचना पाटीमा टाँस गरी वेभसाइटमा प्रकाशन गर्ने विषय,
- दायरीको लगत कट्टा गर्ने र फैसला अपलोड गर्ने विषय।

अतः आम प्रचलनमा आउन सक्ने मुद्दाहरूको फैसला कार्यान्वयन गर्नुपर्ने सम्भाव्य अवस्था र देवानी कार्यविधि संहिताले गरेको नयाँ ब्यबस्था अनुरूप परिवर्तित सन्दर्भमा फैसलाको तपसिल खण्डमा खुलाउनुपर्ने कुराहरू समावेश भएका केही प्रतिनिधिमूलक नमूनाहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ। यी बाहेकका अन्य अवस्थामा पनि सन्दर्भ मिलाएर आवश्यक हेरफेर सहित प्रयोग गर्न सकिन्छ।

**तपसिल खण्ड लेखनका केही प्रतिनिधिमूलक नमूनाहरू**

| फैसलाअनुसार गर्नुपर्ने कार्य | **तपसिल खण्डमा उल्लेख गर्नुपर्ने ब्यहोरा** | **सम्वन्धित दफा** |
|---|---|---|
| **फैसला बमोजिम गरिदिनुपर्ने कुराका सम्वन्धमा फैसलाको प्रतिलिपि साथै राखी तहसिल शाखामा लगत दिनुपर्ने** | **मा**थि इन्साफ खण्डमा उल्लेख भए बमोजिम.......... विगो भरिपाउने/.......... बण्डा छुट्टाउने/ .......चलन चलाउने ठहरी फैसला भएकोले लाग्ने दस्तुर लिई ठहरे बमोजिम फैसला कार्यान्वयन गर्नू भनी फैसलाको प्रतिलिपि समेत साथै राखी तहसिल शाखामा लगत दिनू.................... | देकासं दफा २२९ |
| **बादी रूजु हाजिर रहेको अवस्थामा तहसिल शाखामा तारिख तोकी पठाउने** | वादी ........मुद्दामा रुजु हाजिर रहेकोले फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनू...... | दफा २३५ |
| **बादीले मुद्दा जितेको अवस्थामा अदालती शुल्क भराउने** | माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबी पुग्ने ठहरेकोले वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रु ...............। देवानी कार्यविधि संहिताको दफा ८३ बमोजिम प्रतिवादीबाट भराई दिनु भनी तहसिल शाखामा लगत दिनू ....<br>(यदि पक्ष तारिखमा छ भने दफा २३५ बमोजिम तारिख तोकी पठाइदिनू भन्ने समेत उल्लेख गर्नुपर्ने) | दफा ८३ |

| | | |
|---|---|---|
| **बादीले मुद्दा हारेको अवस्थामा अदालती शुल्क जफत गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले वादीले फिराद पत्र दर्ता गर्दा दाखिल गरेको अदालती शुल्क रु ............। देवानी कार्यविधि संहिता ऐनको दफा ८१ बमोजिम जफत हुन्छ, कानून बमोजिम गर्नु ...... | दफा ८१ |
| **अदालती शुल्क पछि तिर्नेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादी दाबी पुग्नेगरी फैसला भएकोमा प्रतिबादीबाट अदालती शुल्क असूल गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम वादी दाबी पुग्ने ठहरी फैसला भएकोले वादीले देवानी कार्यविधि संहिताको दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिराद पत्र दायर गरेको देखिँदा लाग्ने अदालती शुल्क देवानी कार्यविधि संहिताको दफा ८३(३) बमोजिम प्रतिवादीबाट जरिवाना सरह असूल गर्नू भनी तहसिल शाखामा लगत दिनू... | दफा ८३(३) |
| **अदालती शुल्क पछि तिर्नेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादीदाबी नपुग्नेगरी फैसला भएकोमा बादीबाट अदालती शुल्क असूल गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले वादीले देवानी कार्यविधि संहिताको दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिराद पत्र दायर गरेको देखिँदा लाग्ने अदालती शुल्क देवानी कार्यविधि संहिताको दफा ८३(५) बमोजिम वादीबाट असूल गर्नू भनी तहसिल शाखामा लगत दिनू....... | दफा ८३(५) |
| **पुनरावेदन म्याद**<br>**(फैसला हुँदा प्रतिबादी अनुपस्थित भएकोमा पुनरावेदनको म्याद दिने)** | माथि ईन्साफ खण्डमा लेखिएबमोजिम बादीदाबी पुग्ने ठहरेको र प्रतिवादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिदा देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसला उपर चित्त नवुझे ३० दिन भित्र..............अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू------- | दफा २००(३) |
| **फैसला हुँदा अनुपस्थित पक्षलाई पुनरावेदन नलाग्ने अवस्थामा फैसलाको सूचना दिने** | फैसला हुँदा अनुपस्थित रहेका बादी/प्रतिबादी ....................... लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम फैसला भएको सूचना दिनू.......... | दफा २००(३) |

| | | |
|---|---|---|
| **पुनरावेदन म्याद**<br><br>**(मुद्दा सुनुवाई हुँदा पक्ष वा वारिस वा कानून ब्यबसायी उपस्थित भएकोमा)** | मुद्दा सुनुवाइ हुँदा बादी/प्रतिबादी आफै/ वारिस.......... उपस्थित भएको/कानून व्यवसायी बरिष्ठ अधिवक्ता/ अधिवक्ता श्री..............उपस्थित भइ वहस पैरवी गरेको हुँदा देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २००(४)बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नवुझे फैसला प्रमाणिकरण भएको मितिबाट ३० दिन भित्र ..... अदालतमा पुनरावेदन गर्न सक्ने नै हुँदा बादी/ प्रतिवादी .........लाई पुनरावेदनको म्याद दिइ रहनु परेन......... | दफा २००(४) |
| **पुनरावेदन म्याद**<br><br>**(सुनुवाई निर्धारण भएको दिनमा नै फैसला भएकोमा)** | मुद्दा सुनुवाइको दिन निर्धारण गरिएको तारिखमा बादी/प्रतिबादी आफै/ वारिस........... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाईको दिनमा नै मुद्दा फैसला भएकोले देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नवुझे फैसला प्रमाणिकरण भएको मितिबाट ३० दिन भित्र .......... अदालतमा पुनरावेदन गर्न सक्ने नै देखिदा बादी/प्रतिवादी...................लाई पुनरावेदनको म्याद दिइ रहनु परेन............................ | दफा २०५(३) |
| **सुरु म्याद गुजारी एकतर्फी फैसला भएको अवस्थामा पत्रिकामा सूचना प्रकाशन गर्ने** | प्रतिवादीले म्याद भित्र प्रतिउत्तर नफिराइ शुरु म्यादै गुजारी बसेकोले फैसला भएको जनाउ प्रतिवादीलाई दिनू। जनाउको सूचना तामेल हुन नसके लाग्ने खर्च वादीबाट दाखिल गराई फैसला भएको जानकारी सहितको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु ..................................................। | दफा १९७(५) |
| **लेनदेन मुद्दामा बादी दाबी पुगेकोमा फैसलादेखि बिगो भरिभराउसम्मको अवधिको ब्याजको अदालती शुल्क लिने सम्वन्धमा** | फैसला भएपछि विगो भरी भराउहुँदा सम्मको अवधिको व्याजको कानून बमोजिम लाग्ने अदालती शुल्क प्रतिबादीबाट असूल उपर गर्नू, प्रतिबादीबाट असूल हुन नसके बिगो भराउदाका वखत बादीबाट असूल गर्नू भनी तहसिल शाखामा | |

| | | |
|---|---|---|
| | लगत दिनू ............................ | |
| **फैसलाको नक्कल दिने सम्वन्धमा** | सरोकारवाला/कानून ब्यबसायीले फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याइ नक्कल दिनु.. | दफा ४६ |
| **दायरीको लगत कट्टा, फैसला अपलोड, प्रमाणीकरणको विवरण सार्वजनिक गर्ने** | मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतिय प्रणालीमा अपलोड गर्नू............................,<br>फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटि र अदालतको वेवसाइटमा समेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा वुझाइ दिनू ... | दफा १९८(३) |
| **लिखत जाँच गर्दा लागेको दस्तुर भराउने** | माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिबादीले कीर्ते जालसाजी भनी लिएको दाबी पुग्ने र बादीलाई सजाय समेत हुने ठहरेकाले लिखत जाँच गर्दा प्रतिबादीले बुझाएको रकम रु..... देवानी कार्यविधि नियमावली, २०७५ को नियम... बमोजिम प्रतिबादीले भरिपाउने हुँदा सो भराइदिनू भनी तहसिल शाखामा लगत दिनू .................................... | |

**अनुसूची-दुई**

मुलुकी ऐन र देवानी तथा फौजदारी संहिताको दफावार तुलना

| क्र. स. | विषय | साविक कानून | देवानी कार्यविधी संहिता | फौजदारी कार्यविधि संहिता |
|---|---|---|---|---|
| १ | **अंशबण्डा छुट्याउने कार्यविधि** | द. सं. को ४६ | दफा २४१ | - |
| २ | **अदालतको अधिकारक्षेत्र** | ,, २९ र ३५ | दफा ६ र १६ देखि २७ | दफा ३०,४५-४९, १४४,१४९,१६९ |
| ३ | **अदालती शुल्क** | कोर्ट फी ऐन,२०१७ | दफा ६३ देखि ८४ | - |
| ४ | **आदेश (थुनछेक हुँदा थुना धरौट)** | अ.बं.११८ | - | दफा ६७,६८,७८,७९,८० |
| ५ | **आदेश (रोक्का वा यथास्थितिमा राख्ने)** | अ.बं १७१क | दफा १५६ | दफा ५८,६५,८७, १५६,१६७ |
| ६ | **आदेश(थुनछेक हुँदा तारेखमा राख्ने)** | अ.बं.४७ | - | दफा -६९ |
| ७ | **कायलनामा (मुद्दा फिर्ता लिने)** | अ.बं ९२ | दफा १९६ | दफा ११६ |
| ८ | **कैदको हकमा पुनरावेदन अनुमति** | अ.बं.१९४ | - | दफा- १३७ |
| ९ | **चलन चलाउने कार्यविधि** | द. स. को ४३ | दफा २३८ | - |
| १० | **जरिवाना छुट** | द.सं. ४१क | दफा २४६ | - |
| ११ | **जरिवाना।सरकारि विगो वापत कैद** | द.सं.३८ | दफा २४४ | दफा १६४ |
| १२ | **डिसमिस** | अ.बं.१७९,१८५क | दफा १४१ | दफा - |
| १३ | **थप अभियोगदाबी लिन सक्ने** | अ.बं.८८ | - | दफा- ३५ |

| | | | | |
|---|---|---|---|---|
| १४ | **दरपिठ** | अ.बं.२७ | दफा १२८ | दफा ५० |
| १५ | **दरपिठ उपर निवेदन** | अ.वं. नियमावली | दफा १३० | |
| १६ | **दाखेल खारेज र नामसारी** | ,, ४४ | दफा २३९ | - |
| १७ | **दुनियाबादी फौजदारीमा परिणत** | स.मु.स.ऐन, दफा २७ | - | दफा -४२ |
| १८ | **धरौटि शुल्क फिर्ता** | द.सं. ५१ | दफा २४८ | दफा ७६ |
| १९ | **नवुझि नहुने साक्षी बुझ्ने** | अ.बं.११५ | दफा १८० | दफा ११२ |
| २० | **नाप, जाँच वा नक्सागराउने/अवलोकन** | अ. वं. १७१ | दफा १७७ र १७८ | - |
| २१ | **निखानई दिने कार्यविधि** | ,, ४५ | दफा २४० | - |
| २२ | **निवेदन (नावालक समेतको तर्फबाट मुद्दा गर्न अनुमति)** | अ.बं. ८३ | दफा ५४, २६७ | दफा ५३ |
| २३ | **निवेदन (फैसला कार्यान्वयनमा भएको बेरितको आदेश वदरको लागि)** | द.सं.६१ | दफा २५०(२) | - |
| २४ | **निवेदन (बेरितको अन्तर्कालिन आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५६(४),१५७ न्याय प्रशासन ऐन,१५ | न्याय प्रशासन ऐन, द १५ |
| २५ | **निवेदन (बेरितको आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५७(२) | दफा ७२, ७३ |
| २६ | **निवेदन (सार्वजनिकहकमा मुद्दा अनुमति)** | अ.बं.१० | दफा ९१ | - |
| २७ | **पक्षसँग कागज गराउन सक्ने** | ,, १३३ | दफा १७१ र २७५ | - |
| २८ | **पूर्व सुनुवाइ छलफल/छलफल** | जि.अ.नि. | दफा १९१ | दफा १२४ |

| | | | | |
|---|---|---|---|---|
| २९ | **पेटबोलीको व्यक्ति बुझ्ने** | ,, १३९ | दफा १२३, १२४,१७६ | - |
| ३० | **प्रतिउत्तर सरहको पुनरावेदन** | अ.ब. २०८ | दफा ११८ | - |
| ३१ | **प्रतिदाबी पेश गर्न सक्ने** | नभएको | दफा १२१ | - |
| ३२ | **प्रत्यर्थी झिकाउने** | अ. वं. २०२ | दफा २१३(३) | दफा १४०(३) |
| ३३ | **प्रमाण बुझ्नु पर्ने मुख नमिलेको कुरामा** | अ. वं. १८४क | दफा १६८ | दफा १२३ |
| ३४ | **प्राङ्न्याय/दोहोरो खतरा** | ,, ८५,संविधान | दफा १४, ८९ र ९४ | फौजदारी संहिता दफा९ |
| ३५ | **प्रारम्भिक सुनुवाइ** | - | दफा १३२ | दफा ५१ |
| ३६ | **फैसला कार्यान्वयनमा मिलापत्र** | जि अ नि ८०ख र ८०ग | दफा २३४ | - |
| ३७ | **फैसला प्रमाणीकरण** | - | दफा १९८ | दफा १३१ |
| ३८ | **फैसला सुनी पाएको कागज गराउने** | अ.वं. १९३ | दफा २०० | दफा - |
| ३९ | **फैसला, मिलापत्र डिसमिस आदि वदर** | ,, ८६ | दफा ९२ | दफा - |
| ४० | **बन्द सवाल** | अ.वं.१६०-१६२ | दफा १८९ | दफा १०७ |
| ४१ | **बाटोको म्यादको हिसाब** | ,, ९५ | दफा २२७ (१५ कि. मी.) | दफा - |
| ४२ | **बिगो भराउने कार्यविधि** | द. स. को ४२ | दफा २४२ | दफा १६५ |
| ४३ | **बिगो वापत कैद** | लेनदेनको १९ | ,, २४४ | दफा १६५(८) |
| ४४ | **मिलापत्र र मेलमिलाप** | ,, १८२ र १८३ | ,, १९३, १९४ र १९५ | दफा ११७-१२० |

| | | | | |
|---|---|---|---|---|
| ४५ | मुद्दा सकार (पक्षमरी हकवालाले) | अ.बं.७० | दफा २२६,२३७ | दफा १३३(४)(ख),१९० |
| ४६ | मुद्दा सकार (वारिस बदलिगर्दा) | अ.ब.७० | दफा १५२ | दफा ९३ |
| ४७ | मुद्दा सार्ने | - | दफा २०३ | दफा ९६ |
| ४८ | मुद्दा हेर्न नहुने(स्वार्थ बाझिने) | ,, ३० | ,, २७१ | दफा १७६ |
| ४९ | मुद्दा हेर्ने प्राथमिकताक्रम | ,, ११ | ,, २७०, नियमावली | दफा १७० |
| ५० | मुलतबी सम्बन्धी व्यवस्था | ,, १२,१९० | ,,२०१ र २०२ | दफा ९७, ९८ |
| ५१ | मृत्यु भएमा मुद्दा खारेज, मिनाहा | अ.बं. १७६, द.सं.३ | - | दफा १३३, १५८ |
| ५२ | म्याद छापा वा विद्युतिय माध्यममा प्रकाशन | जि.अ.नि.२२क | दफा ११४,२८२ | दफा ६२ |
| ५३ | म्याद तामेली सम्बन्धी | ,, ११० देखि ११३ र ११३क | ,, ९९ देखि ११८ | दफा ५७,५८, ५९-६२, ६६ |
| ५४ | म्याद तारिख थाम्ने थमाउने सम्बन्धी | अ.वं५९, ६०, ६२ र ६४ | दफा २२२ देखि २२५ | दफा ५९(५),८५(१), १३४ |
| ५५ | लगत खडा फैसला बमोजिम | जि.अ.नियमावली | दफा २२९ | दफा १५१ |
| ५६ | लिखत प्रमाणित (वारिसनामा र अधिकृत वारिसनामा) | ,, ६५ देखि ७१ र ७१क, ७१ख र ७१ग | ,, १४४ देखि १५२, अ.वा. मुद्दा-१५३, सम्पत्ति-१५४ | दफा ८९-९५ |
| ५७ | लिखत प्रमाणीत (दर्ताद्वारा विवाह) | - | दफा ७७-८० | - |
| ५८ | लिखत प्रमाणीत धर्मपुत्र पुत्री | धर्मपुत्र | दफा १७७ | - |
| ५९ | लिखत प्रमाणीत संरक्षक, माथवर नियुक्ति | | दफा १३९,१५७,१६६ | - |
| ६० | लिखत संशोधन | | दफा | दफा ३७ |
| ६१ | वारेण्ट(पक्राउ पुर्जी) | अ.बं.९४ | दफा | दफा -५७,८७ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | **विशेष परिस्थितिमा अनुपस्थित साक्षीबुझ्ने** | दफा१४४ | दफा १७९ | दफा १०१ |
| ६३ | **संवन्ध बिच्छेद मञ्जुरीले** | लो.स्वा.१(३) नं. | दफा ९३ | दफा |
| ६४ | **संवन्ध विच्छेद असहमतिको** | लो.स्वा. १ नं. | दफा ९८ | दफा |
| ६५ | **सद्दे किर्तेमा वयान गराउने** | ,, ७८ | ,, १७२ र १७३ | दफा १०४ |
| ६६ | **साक्षी सपथ** | ढाँचामा मात्र | दफा १८४ | दफा १०६ |
| ६७ | **साधक जाँच** | अ.ब.१८६ | दफा | दफा १४५ |
| ६८ | **सुनुवाई खुला इजलासमा गर्नु पर्ने** | अ. वं. ६ | ,, ५ र २६८ | दफा १२९, संजाय नि. ऐन, दफा १० |
| ६९ | **सूचना गोप्य राख्ने** | नियमावली | दफा २७६ | दफा १८३ |
| ७० | **हकदैया** | अ.बं.८२ | दफा १०,८६ | दफा ४३ |
| ७१ | **हदम्याद सम्बन्धी** | ,, ३६ देखि ४६ | ,, ४७ देखि ६२ र २५९, अन्य दिग्दर्शन अनुसूची १ मा विस्तृत छ | दफा परिच्छेद अनुसार विभिन्न दफा |